## परिच्छेद एक

## परिचय

वालवालिकाको वृद्धि विकासका लागि खाना अनिवार्य तत्व हो । पोषणयुक्त खाना खाएमा मात्र स्वस्थ्य जीवनको सुरूवात हुन्छ । प्रारम्भिक वालविकास देखि कक्षा ६ सम्म अध्ययनरत रहेका विद्यार्थीहरूका लागि नेपाल सरकारले पोषणयुक्त खाजा व्यवस्थान गरेका छन् । शिक्षा, यूवा तथा खेलकूद मन्त्रालय अन्तर्गत रहेका शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट स्थानीय तहमा बजेट माग गरि विद्यालयहरूलाई खाजा खुवाउने व्यवस्था मिलाएका छन् । दिवाखाजा व्यवस्थापनका लागि संघीय एवम् प्रदेश सरकार, स्थानीय तह, विद्यालयका अभिभावक लगायत सबै पक्षको सहयोग एवम् समन्वय आवश्यक पर्छ । पोषणयुक्त दिवाखाजाबाट वालवालिकाहरूको शारीरिक र मानसिक विकास भइ मनाव पुँजी विकासमा योगदान पुग्दछ । आ.व. २०७९/०८० सम्म नेपाल सरकारले कक्षा ६ सम्मका विद्यार्थीहरूलाई दिवाखाजा उपलब्ध गराउने भएका छन् । यसरी दिवाखाजाको अभ्यास, प्रभाव र कार्यान्वयनको अवस्था के कस्तो छ भनि अध्ययन गर्नका लागि यस परिच्छेदमा अध्ययनको पृष्ठभूमि, समस्याको कथन, अध्ययनको उद्देश्य, वैधानिक प्रावधान, औचित्य, परिसीमा आदि शीर्षकहरूमा विषय वस्तुलाई प्रस्तुत गरिएको छ ।

## अध्ययनको पृष्ठभूमि

नेपालमा सन १९७४ (वि.स.२०३०) देखि विश्व खाद्य कार्यक्रमको खाद्य तथा प्राविधिक सहयोगमा खाद्य आपूर्तिमा आधारित वालवालिकाहरुका लागि दिवाखाजा कार्यक्रम सञ्चालन हुँदै आएको छ । यसै क्रममा सन् २००८ मा नेपाल सरकारले विश्व खाद्य कार्यक्रमको सहयोगमा सञ्चालित दिवाखाजालाई निरन्तरता दिदैं सरकारी लगानीमा नगदमा आधारित स्वरूपको दिवाखाजा कार्यक्रम सुरूवात गर्‍यो । यस अन्तर्गत तोकिएका १९ जिल्लाका विद्यालयहरू लाभान्वित भए । तात्कालिन जिल्ला शिक्षा कार्यालय मार्फत विद्यालयहरूलाई उपलब्ध गराईने दिवाखाजा रकमको उपयोगिता र प्रभावकारीता बारे सधैं प्रश्न उठी नै रहयो । तर राज्यले शिक्षा तथा पोषणका क्षेत्रमा गरेको लगानीलाई गरिव तथा निमुखा परिवारका लागि विद्यालय संग जोडिने र शिक्षाको पहुँचमा वृद्धि गर्ने एउटा महत्वपुर्ण अवसरको रुपमा लिन सकिन्छ । आ.ब. २०७९/०८० मा मुलुकभरका २८ लाख विद्यार्थी लाभान्वित हुनेगरि सरकारले ७ अर्ब ९२ करोड रूपैया बजेट यस कार्यक्रममा विनियोजन गरेका छन् । कुल बजेटको ११.५

प्रतिशत शिक्षा क्षेत्रले ओगटेको अवस्थामा शिक्षा क्षेत्रको कूल बजेटको ४.६ प्रतिशत दिवाखाजाले मात्र ओगटेको छ । प्रस्तुत भएका बजेटहरू माथि आलोचना भैरहेको सन्दर्भमा दिवाखाजाका लागि विनियोजित यो बजेटलाई शिक्षा क्षेत्रमा भएको महत्वपूर्ण लगानीका रुपमा प्रशंसनिया बनेको अवस्था छ । गत आर्थिक वर्षको बजेटमा दिवाखाजा स्थानीय कृषि उत्पादन केन्द्रित हुने भनिएका कारण सकारात्मक दिशामा अग्रसर भई सकेको अवस्थामा चालु आर्थिक वर्षको बजेटमा दिवाखाजा वापतको रकम बालबालिकाको आमालाई नै दिएर यसको व्यवस्थापन गर्ने भनिएता पनि पछि यसको आलोचना संगै रकमको दुरूपयोग भएको समाचार सार्वजनिक भै रहयो । यस पटकको बजेटमा व्यवस्थापनको कुनै विशेष तरिका उल्लेख नभएकोले दिवाखाजाको व्यवस्थापनमा सुधार गर्न नसकिने देखिन्छ ।

दिवाखाजा कार्यक्रमलाई सामाजिक सुरक्षा कार्यक्रमको एक अंग र कोविड़ महाव्याधिबाट सिर्जित समस्या संग लड्ने एक महत्वपूर्ण उपयोगी अस्त्र बन्न सक्ने विषय उजागर गर्न खोजिएको छ । सामाजिक तथा आर्थिक जोखिमहरू कम गर्नुका साथै अति गरिब र आर्थिक विपन्नता भएका समुदायलाई सहयोग गर्नु सामाजिक सुरक्षा कार्यक्रमको उद्देश्य रहन्छ । यस्ता कार्यक्रमहरुमा रोकथाममूलक, रक्षात्मक, प्रोत्साहनमूलक, रूपान्तरकारी गुणहरू रहेका हुन्छन् । यी चारै किसिमका गुणहरू रहेका हुनाले दिवाखाजा कार्यक्रम एक समाजिक कार्यक्रमको रूपमा स्थापित हुँदै आएको छ । कोविड़ १९ ले निम्त्याएको आर्थिकमन्दी, सामाजिक विपद् तथा अन्य जोखिमहरू सँग लड्ने क्षमता वृद्धि गर्दै महामारीबाट उत्पन्न आर्थिक संकटहरूलाई न्यूनीकरण गरेर मनाव पुँजी विकास गर्न यसले सहयोग गरेको छ । यसका साथै स्थानीय कृषि उत्पादनमा आधारित दिवाखाजा कार्यक्रमले ग्रामिण अर्थतन्त्र चलायमान बनाउन सक्ने समेत हैसियत राख्दछ (गौतम, २०७७) ।

मानव सभ्यता विकासको प्रारम्भ देखिनै मानिसले आफूलाई कसरी रोगबाट बचाउन सकिन्छ ? के कसरी प्रभावकारी र उत्पादनमूखी बनाउन सकिन्छ ? भन्ने बारेमा चिन्तनमनन र खोजबिन गर्दै आएको देखिन्छ । वालवालिकाहरू विद्यालयमा पढ्न जाने प्रचलन आएपछि उनीहरूलाई विद्यालयमा कसरी स्वस्थ र सुरक्षित राख्न सकिन्छ भन्ने बारेमा चासो लिन थालियो । यस्ता विचार तर्क मन्थनको उपजको रूपमा सर्वप्रथम १७ औं शताब्दीको अन्त्यतिर युरोपबाट पाठशाला स्वास्थ्य गतिविधि (School Health Movement) को सुरूवात यस क्षेत्रमा काम नगर्ने असम्बन्धित व्यक्तिहरूबाट भएको पाइन्छ । विद्यार्थीहरूको स्वास्थ्य बृद्धि र विकास तथा वालवालिकाहरुको स्वास्थ्य प्रर्वद्धनमा विद्यालयले खेलेको भूमिका प्रति व्यक्तिहरूले चासो राख्ने

गरेको छ । यूरोपको प्रख्यात वैज्ञानिक पिटर फ्रयाङ्क (१७४५-१८४१) ले विद्यालय स्वास्थ्य विषयमा शृङ्खलावद्ध लेखहरू प्रकाशित गरेका थिए । सन् १८९० को दशकमा अमेरिकाको बोस्टन एण्ड फिलादेल्फामा कुपोषणलाई कम गर्ने उद्देश्यले विद्यालयमा खाजा खुवाउने सरकारी कार्यक्रमको थालनी भएको थियो (बुढाथोकी र वाग्ले) ।

विश्वका अविकसित मुलुकहरू मध्ये नेपाल एक गरिब देश हो । यहाँको कुल जनसंख्या मध्ये २२ प्रतिशत किसानहरू भूमिहीन छन् । त्यसैगरी ६० प्रतिशत जनतालाई वर्षभरी खान नपुग्ने र ४० प्रतिशतले पोषणयुक्त खाना पनि खान नपाउने अवस्था छ । ( गोरखा पत्र २०७०/०९/१६ ) UNDP को मानव विकास प्रतिवेदन २०१३ मार्च १५ अनुसार १६९ देशहरू मध्ये नेपाल १५७ औं स्थानमा रहेको देखाइएको छ । नेपालको कुल जनसंख्याको ४७ प्रतिशत जनसंख्या गरिबीको रेखामुनी रहेका छन् । गरिबीको रेखामुनी रहेका व्यक्तिहरूलाई शिक्षा प्राप्त गर्नु झन चुनौतिको विषय बनेको छ । विकसित मुलुकमा ९० प्रतिशत भन्दा बढी साक्षरता भएकोमा नेपालमा साक्षरताको प्रतिशत मात्र ६५.९ प्रतिशत पुग्न सकेको छ । यसमा छात्रको संख्या भन्दा छात्राको अझै कम देखिन्छ । ६ बर्ष देखि १० वर्ष सम्मका विद्यालय भर्ना भएका छात्र-छात्रा मध्ये एक चौथाइले कक्षा दोहोऱ्याउने गरेको देखिन्छ । यसरी कक्षा छाड्ने, कक्षा दोहोऱ्याउने र भर्ना हुन नै नआउने कारणहरू धेरै छन् । ति मध्ये प्रमुख कारणहरूमा गरिबी, बालबालिकाहरूमा पारिवारिक बोझ, विद्यालय टाढा हुनु, विद्यालय भित्र जातजातिमा विभेद हुनु, कम उमेरका विद्यार्थीहरू भर्ना हुनु र बाबु आमा नै अशिक्षित हुनु हो (संयुक्त राष्ट्र संघ विकास कार्यक्रम २०१३ ) ।

माथि दिइएका विभिन्न बाधा अडचनलाई निराकरण गर्न नेपालमा गरिबी निवारण गर्न, आर्थिक र सामाजिक उत्थान गर्न र मानविय मूल्य मान्यताको विकास गर्नका लागि शिक्षालाई मूल माध्यमका रूपमा लिइएको छ । देशको सर्वाङ्गिन विकास र मानव क्षमताको विकासको लागि साक्षरता शिक्षा नै प्रथम खुड्किलो भएकोले प्राथमिक शिक्षाको स्तरलाई गुणस्तरयुक्त बनाउन अति जरूरी हुन आउँछ । आर्थिक वर्ष २०५२/०५३ (सन् १९९६ जनवरी १) देखि खाद्यान्न न्यून भएका तथा प्राथमिक तहमा विद्यार्थी भर्ना प्रतिशत कम भएका जिल्लाहरूका छात्र छात्राहरूका लागि दिवाखाजाको व्यवस्था गर्ने गरि विश्व खाद्य कार्यक्रम (WFP) र तत्कालिन श्री ५ सरकारको संयुक्त लगानीमा शिक्षा मन्त्रालय अन्तर्गत प्राथमिक विद्यालय पौष्टिक आहार कार्यक्रम परियोजना ३७१८ रूपमा १८ महिनाका लागि सञ्चालन गरियो । पहिलो योजना ८

जिल्लाहरू डोटी, डडेलधुरा, अछाम, दैलेख, रूपन्देही, रूकुम, पर्सा र धनुषामा सञ्चालन गरिएको थियो । प्रत्येक वर्ष जिल्ला थप गर्दै जाने क्रममा २०५५ सालमा सुर्खेत र सल्यान, २०५६ सालमा प्युठान र बैतडी, २०५७ सालमा जाजरकोट, बझाङ्ग, बाजुरा र दार्चुला गरि २०५७ साल सम्म १६ जिल्लामा विस्तार गरिएको थियो । पछि अन्य जिल्लाहरूमा लागुगर्ने क्रममा यो कार्यक्रम २२ जिल्लामा सञ्चालन भएको थियो (बुढाथोकी र वाग्ले २०६८) ।

परियोजनाले राखेको दीर्घकालीन उद्देश्य अनुसार प्राथमिक शिक्षाको स्तर अभिवृद्धि गरि दक्ष मानविय स्रोतको विकासमा सहयोग पुऱ्याउने छ । साथै खाद्यान्न अभाव र शिक्षाको पहुँचमा अति पछाडि रहेका जिल्लाहरूका परिवारका बालवालिकाहरूका आधारभूत शिक्षा पहुँचमा अभिवृद्धि गर्न तथा विद्यार्थीहरूको पोषण र स्वास्थ्य स्थितिमा सुधार ल्याउन कार्यक्रमको दीर्घकालीन उद्देश्यहरु रहेको छ । यस परियोजनाका अल्पकालीन उद्देश्यहरू केहि निम्न प्रकार छन् ।

- विद्यार्थी हाजिरी प्रतिशतलाई वृद्धि गराउने,
- कक्षा छाड्ने परम्परालाई कम गराउने,
- विद्यार्थीको अध्ययन क्षमतालाई वृद्धि गराउन छोटो समयको निम्ति भोकबाट राहत (Relieving short term hunger) दिन,
- छात्राहरूको भर्ना प्रतिशतमा अभिवृद्धि गर्ने,
- आर्थिक स्थितिमा सुधार गर्ने,
- छात्रा उत्प्रेरणा कार्यक्रम लागु गर्ने,
- विद्यालय परिवार र समुदायको संयुक्त प्रयासले लैंगिक भेदभाव हटाइ विशेषतः छात्राहरूको भर्ना प्रतिशत वृद्धि गर्न खाजा कार्यक्रममा आमाहरूको सहभागिता बढाउने,

उपयुक्त उद्देश्यहरू पुरा गर्नका लागि यो परियोजना लागु भएका जिल्लाहरूमा विद्यालय खुलेका दिन विद्यार्थीहरूको उपस्थिति अनुसार प्राथमिक विद्यालयका बालबालिकाहरूलाई पौष्टिक आहारको रूपमा हलुवा बनाई खुवाउने गरेको पाइन्छ । खाजा बनाएर खुवाउनको लागि प्रति विद्यार्थी ८५ ग्राम सर्वोत्तम पिठो, १५ ग्राम चिनी १० ग्राम वनस्पति घिउ उपलब्ध गराउँदै आएको थियो । त्यसैगरी खाना बनाउने भान्से, पकाउने भाँडाकुडा आदि समेत उक्त परियोजनाले उपलब्ध गराउँदै आएको थियो । उक्त परियोजनाको आवधिक मूल्याङ्कन समेत २ पटक भैसकेको र यसले विद्यार्थीहरूको सिकाइ उपलब्धिमा सुधार भएको प्रतिवेदनमा उल्लेख गरिएको थियो (बोहरा २०६९ ) ।

## समस्याको कथन

राज्यले महत्वपूर्ण कार्यक्रमको रूपमा विभिन्न जिल्लामा विगत पाँच दशकदेखि कार्यान्वयनमा ल्याएको यो कार्यक्रम सञ्चालन व्यवस्थापनका क्रममा केहि समस्या तथा चुनौतीहरूका अनुभव बटुलेका छन् । यो कार्यक्रमका लागि केन्द्रीय स्तरबाट खाद्य सामग्री तथा नगद अनुदान सहयोग उपलब्ध हुँदै आएकोले हालसम्म पूर्णतया केन्द्रीय सरकारको कार्यक्रमको रुपमा मात्र रहेको छ । स्थानीय तह, स्थानीय संघ सस्था र समुदायबाट सहकार्य, स्रोत साझेदारी र सहयोग उपलब्ध हुने पद्धति संस्थागत गराउन सकेका छैनन् । स्थानीय तह तथा समुदायमा अपनत्वको भावना अपेक्षित रूपमा विकास हुन सकेको छैन । तसर्थ यस कार्यक्रमका कार्यान्वयनमा स्थानीय तह, स्थानीय संघ सस्था र समुदायसँग स्रोत साझेदारी हुने पद्धति विकास गरि कार्यक्रमको दिगो विकास गर्नु एउटा चुनौती रहेको छ । दिवाखाजाको पोषण तथा गुणस्तर र व्यवस्थापनका राष्ट्रिय मापदण्ड अनुरूप खाजा उपलब्ध भए नभएको अनुगमन अपेक्षित रूपमा हुन सकेको छैन । तसर्थ दलित, आदिवासी, जनजाति आदि जातजातिहरुको बाहुल्यता रहेको क्षेत्रमा नेपाल सरकारले लागु गरेको दिवाखाजा कार्यक्रमको प्रभावकारीताको लेखाजोखा नै यसको समस्या हो ।

## अध्ययनको औचित्य

विद्यालय दिवाखाजाको उपलब्धताले बालबालिकाको सुरूवाती दिनहरुका विकासात्मक कमजोरी परिपूरण गर्दै र शारीरिक विकास तथा वृद्धिको गतिलाई निरन्तर कायम राख्दै बालबालिकाहरुलाई विकासपूर्ण सम्भावनामा योगदान पुऱ्याउने निष्कर्ष विश्व बैंकको अनुसन्धानले निकालेको छ । खासगरी न्यून आय भएका र खाद्य जोखिम रहेका परिवारका बालबालिकाहरुलाई भोकका समयमा स्वस्थ्यकर खाना उपलब्ध भएकाले त्यस्ता सामूदायका लागि दिवाखाजा सामाजिक सुरक्षा कार्यक्रम बन्न पुगेको छ । खाजाको उपलब्धताले भोक न्यूनीकरणका साथै शारीरिक विकासका गतिलाई निरन्तरता दिन मद्दत पुग्ने गर्दछ । शैक्षिक सुरक्षामा महत्पूर्ण योगदान पुग्ने गर्दछ । त्यसैले विद्यालय खाजा कार्यक्रमलाई नवपूँजी विकास गर्ने एउटा भरपर्दो लगानीको रूपमा लिन सकिन्छ । अति विपन्न समुदायलाई सामाजिक सुरक्षा प्रदान गरि स्थानीय अर्थतन्त्रको लगानी समेत बढाउन सकिन्छ । जसबाट दिगो विकासका निम्ति भोक र गरिबी उन्मुलनमा सहयोग पुग्ने देखिन्छ ।

विद्यालय दिवाखाजा कार्यक्रमका कारण बालबालिकाको शैक्षिक स्तरमा सुधार भएको, व्यक्तिको उत्पादकत्व वृद्धि भएको, विपन्न परिवारका आयस्तर वृद्धि भएको, स्वास्थ्य सम्बन्धि समस्याहरुमा सुधार आएको र प्रत्येक १ डलर बराबरको लगानी बाट ५.२ डलर बराबरको आर्थिक लाभ आजीवन प्राप्त भइ देशको अर्थतन्त्रमा टेवा पुगेको तथ्यलाई नेपालको सन्दर्भमा दिवाखाजा कार्यक्रमको लाभ लागत विश्लेषण प्रस्तुत गर्न खोजिएको छ । नेपालको संविधानले आधारभूत शिक्षा प्राप्ती मौलिक अधिकारको रूपमा प्रत्याभूत गरेको र अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा ऐन २०७५ मा खाद्य संकटमा रहेका विपन्न बालबालिकाहरुको शिक्षा सुनिश्चित गर्न दिवाखाजा उपलब्ध गराउने व्यवस्था उल्लेख भैसकेकोले विद्यालयमा दिवाखाजाको अपरिहार्यता बढ्न गएको हो । तसर्थ यिनै कुराहरूलाई मध्यनजर राख्दै स्नातकोत्तर तहको आंशिक आवश्यकता परिपूर्ति गर्न थालिएको शोधकार्यको लागि सुनसरी जिल्लाका विद्यालयहरुमा सञ्चालित दिवाखाजा कार्यक्रमको प्रभावकारीता अध्ययन गर्न यो विषयवस्तु लिइएको छ । यस अध्ययनबाट प्राप्त हुने विश्लेषण, निष्कर्ष तथा सुझावहरुले विश्व खाद्य कार्यक्रम, नेपाल सरकार, विद्यालयहरु, दिवाखाजा कार्यक्रम, जिल्ला शिक्षा समिति, त्यस्तै कार्यक्रम सञ्चालन गर्ने दातृ निकाय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ संस्थाहरू, गैर सरकारी संघ संस्थाहरूलाई समेत यस अनुसन्धानले मार्ग निर्देशन गर्ने छ भनि विश्वास लिइएको छ साथै यस अध्ययनले संघ देखि स्थानीय तह सम्मका कर्मचारी, फिल्डमा कामगर्ने कर्मचारी र शिक्षक समेतलाई प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा सहयोग पुऱ्याई कुनै बाधा र अवरोध बिनै आगामी कार्यक्रमहरु सफल तुल्याउन सहयोग गर्नेछ ।

## अध्ययनको उद्देश्यहरू

यस अध्ययनका लागि निम्न लिखित उद्देश्यहरू राखिएका छन् :

१) अध्ययन क्षेत्रका विद्यालयहरुमा दिवाखाजा कार्यक्रमको प्रभावकारीताको पहिचान गर्नु ।

२) दिवाखाजा कार्यक्रमले विद्यार्थीको भर्नामा पारेको प्रभाव बारे खोजी गर्नु ।

३) दिवाखाजा कार्यक्रमा देखिएका समस्याहरू पहिचान गरी समाधानका उपायहरू खोजि गर्नु ।

## अनुसन्धानात्मक प्रश्नहरु

माथि उठाइएका सवालहरूसँग सम्बन्धित प्रश्नहरूलाई एकीकृत रूपमा समेट्दै यस शोध अध्ययनमा निम्न अनुसारका अनुसन्धानात्मक प्रश्नहरू राखिएको छ ।

१) विद्यालयहरूमा खाजा कार्यक्रमको प्रभावकारीताको वास्तविक स्थिति के छ ?

२) दिवाखाजा कार्यक्रम लागु हुनु भन्दा पहिले र अहिलेको विद्यार्थी भर्ना को अवस्था कस्तो छ ?

३) दिवाखाजा कार्यक्रममा देखिएका समस्या र समाधानका उपायहरू के के हुन् ।

## अध्ययनको परिसीमा

सुनसरी जिल्ला, इटहरी उपमहानगरपालिका भित्र आदिवासी, जनजाति, दलित र पिछडा वर्ग आदि जातजातिको बाहुल्यता रहेका ६ वटा विद्यालयहरूलाई अध्ययन र अनुसन्धानका लागि छनोट गरिएको छ । विद्यालयमा दिवाखाजा कार्यक्रमले भर्नामा पारेको प्रभाव, समस्या र समाधानका उपायलाई मध्यनजर गर्दै अनुसन्धानकर्ताको सिमित श्रोत, साधन र समयको कारणले सुविधाजनक विधिको मान्यता अनुसार यिनै विद्यालयहरुको सेरोफेरो भित्र रही अध्ययन अनुसन्धान गरिएको छ ।

## परिच्छेद दुई

## पूर्व कार्यको समीक्षा

प्रस्तुत शोधकार्य 'विद्यालयमा दिवाखाजा कार्यक्रमको प्रभावकारीता' सम्बन्धि अनुसन्धान गर्न विभिन्न पुर्व साहित्यहरूको अध्ययन गरिएको छ ।

### सम्बन्धित साहित्यको पुनरावलोकन

कुनै पनि अध्ययनलाई पूर्णता दिन विगतमा यस सम्बन्धमा भएका अध्ययन अनुसन्धानले महत्पूर्ण सहयोग पुऱ्याउँछ । तर प्रस्तुत शीर्षक "विद्यालयमा दिवाखाजा कार्यक्रमको प्रभावकारीता" मा अध्ययन गर्न अनुसन्धानकर्ताद्वारा अध्ययनका क्रममा विभिन्न पुस्तकहरू, समाचार पत्र, तथा विभिन्न बुलेटिनहरूको खोजि कार्य गर्दा प्रयाप्त मात्रामा फेला नपरेका तल उल्लेखित केहि पुर्व कार्यक्रमहरू जुन यस कार्यक्रम सँग मिल्दाजुल्दा रहेका छन् । यस कार्यक्रम सँग सम्बन्धित अनुसन्धानका प्रतिवेदनहरू, त्यसले लिएका उद्देश्यहरु, लक्ष्यहरु र प्राप्तिहरू प्रति समिक्षा गर्दै यस कार्यक्रमको अनुसन्धान अगाडी बढाइएको छ ।

नेपालमा बसोवास गर्ने अधिकांश दलित, आदिवासी, जनजातिहरू गरिबीका चपेटामा रहेका छन् । आदिवासी, जनजाति तथा दलित बालबालिकाहरू गिरिबीका कारण सानै उमेरमा काम गर्नुपर्ने कारणले विद्यालय जान नपाउने, गएपनि बिचैमा पढाइ छाड्न बाध्य हुनु परेको छ । कक्षा ५ सम्मका केहि त्यस्ता विद्यार्थीहरू विद्यालय गएतापनि माथिल्ला कक्षामा उनीहरूको उपस्थिति न्यून रहेको पाइन्छ । कतिपय विद्यार्थीहरूको अभिभावकहरुको चाहना आफ्ना छोराछोरीहरूले विद्यालय गई अध्ययन नगरून् भन्ने रहेको पाइन्छ, किनभने आफ्ना छोरा छोरीहरूले दिनभरी उनीहरूलाई घरायसी काममा सघाउन भन्ने इच्छा रहेका हुन्छन् । उनीहरूसंग अन्तरक्रिया गर्दा काम नगरे बेलुकी भोकै सुत्नु पर्ने कुरा बताउँछन् । कापी कलम किन्ने पैसाले परिवारलाई एक छाक खान पुग्ने वा चामल किन्न सकिने धारणा उनीहरूमा रहेको छ (गोरखापत्र, २०६७ /०५ १२ ) ।

नेपालको कुल जनसंख्याको २० प्रतिशत भन्दा बढी जनसंख्या आदिवासी, जनजाति र दलित जातिका रहेका छन् । यी समुदायका जातिहरूले राज्यबाट सामाजिक, आर्थिक, राजनैतिक, प्रशासनिक शैक्षिक लगायतका क्षेत्रहरुमा विभेद सहनु परेको छ । अझै जातजाति, छुवाछुत जस्तो मानवलाई मानवको रूपमा स्वीकार नगर्ने वा जातकै आधारमा भेदभाव गर्ने विभेदकारी

र रूढिबादी नीति अहिले सम्म हटिसकेको छैन । वि.स. २०३० सालको मुलुकी ऐन,२०४७ सालको संविधान तथा वि.सं.२०६३ सालको अन्तरिम संविधानमा समेत दलितहरू माथि भेदभाव गर्न नपाइने भनि छुवाछुत मुक्त घोषणा गरेता पनि हाल सम्म छुवाछुत कायमै छ । यसैलाई निराकरण गर्न नेपाल सरकारले राहत कार्यक्रम अन्तर्गत दलित छात्रवृत्ति प्रदान गर्दै आएको छ (कान्तिपुर दैनिक, २०६८/०९/२२) ।

न्यून खाद्यान्न र प्राथमिक तहका विद्यार्थी भर्ना प्रतिशत कम भएका जिल्लाहरूका छात्र-छात्राहरूका लागि तत्कालिन श्री ५ को सरकार र विश्व खाद्य कार्यक्रम (WEP) को संयुक्त लगानीमा शिक्षा मन्त्रालय अन्तर्गत पौष्टिक आहार परियोजना सन् १९९६ ( बि.स.२०५२/२०५३ ) मा सुरूमा ८ जिल्लामा लागु गरि क्रमशः बढाउँदै लगेको थियो । उक्त परियोजनाको प्रभावकारीता मूल्याङ्कन गर्न विश्व खाद्य कार्यक्रमको अनुरोधमा कार्यक्रम सुरू भएको तिन वर्ष पछाडी सन् १९९९ मा New ERA, Kathmandu Nepal. A Base line surveyof Baitady, Pyuthan, Salyan and surkhet district under the primary school feeding program पहिले सन् २००० मा Mid –term Review of food assistance to primary school project -3718.01 under WFP Programs) भन्ने अध्ययन गरेको थियो । उक्त अध्ययनबाट विद्यार्थीहरूको भर्ना, उपस्थिति र उत्तीर्ण प्रतिशतमा वृद्धि, कक्षा दोहोऱ्याउने र कक्षा छाड्ने संख्यामा कमि आएको देखिएको छ । उक्त प्रतिवेदनमा केहि सुझावहरू प्रस्तुत गर्दै यो कार्यक्रम प्रभावकारी रूपमा लागु गर्नुपर्ने देखाएको छ (बोहरा, २०५९) ।

नेपालमा प्राथमिक शिक्षाका निमित्त आधारभूत तथा प्राथमिक शिक्षा परियोजना (आ .प्रा .शि.प.) ले महत्पूर्ण भूमिका खेलेको छ । सन् १९९२ जुलाई देखि सुरू भएको आधारभूत तथा प्राथमिक शिक्षा परियोजना पहिलो चरण र त्यस अघि कार्यान्वयन गरिएका शिक्षा परियोजनाको अनुभवबाट दोश्रो चरणको कार्यक्रमले मूलतः तिन वटा कुरामा ध्यान केन्द्रित गरेको छ । आधारभूत तथा प्राथमिक शिक्षा परियोजना दोश्रो (सन् १९९९-२००४ ) सन्  जुलाई १५ तारिख अर्थात् २०६१ साल असार मसान्तमा समाप्त भएपछी आधारभूत तथा प्राथमिक शिक्षा कार्यक्रम तेस्रो चरणको रूपमा सञ्चालन नगरी “सबैका लागि शिक्षा” डकार घोषणा कार्यपत्र ढाँचा तथा सो अनुसारको नेपाल कार्ययोजना २००१ - २०१५ का आधारमा “सबैका लागि शिक्षा” कार्यक्रम २००४-२००९ तयार पारी कार्यान्यनमा ल्याएको हो । डकार मञ्चले सन् २०१५ का लागि तोकेको ६ वटा मूख्य लक्ष्य अनुसार राष्ट्रिय कार्ययोजनाले आफ्नो कार्यको रूपरेखा तयार गरेको थियो । तर नेपालको भाषिक तथा जातिय यथार्थतालाई ध्यानमा राखेर

सातौं लक्ष्य निर्धारण गरि त्यसका लागि आवश्यक कार्ययोजना पनि बनाएको थियो । सबैका लागि शिक्षा (२००४-२००९) सन् २०१५ सम्मका लागि तयार गरिएको राष्ट्रिय कार्ययोजना हो । त्यसका आधारमा तयार गरिएको सबैको लागि शिक्षा (२००४-२००९) का मुख्य तिन उद्देश्य थिए (सिंह, २०६६) ।

क ) प्राथमिक शिक्षामा पहुँच तथा समता सुनिश्चित गर्ने ।

ख ) प्राथमिक शिक्षाको गुणस्तर वृद्धि एवम् सान्दर्भिकता वृद्धि गर्ने ।

ग ) सबै विद्यालय तथा संस्थाहरूलाई प्राथमिक सेवा उपलब्ध गराई तिनीहरूको सक्षमता तथा संस्थागत क्षमतामा सुधार गर्ने ।

सामुदायिक विद्यालयमा दिवाखाजा कार्यक्रम प्रभावकारी रूपमा कार्यान्वयन गर्ने, गराउने दायित्व निर्वाह गर्ने प्रणालीको विकास गर्न आवश्यक देखिएको छ । स्थानीय तहका शिक्षा प्रमुख र जनप्रतिनिधिहरूलाई चाहिने आवश्यक न्युनतम व्यवस्थापकीय र प्रशासनिक ज्ञान तथा प्राविधिक स्वास्थ्य मापक र पोषण तत्वको स्रोत प्रयोग गरि सन्तुलित दिवाखाजाको व्यवस्थापन गर्ने सीप सहितको क्षमता अभिवृद्धि गर्नु जरूरी देखिएको छ । यसलाई सम्बोधन गर्न सरकारले कार्यक्रमलाई अगाडी बढाएको अवस्था छ ।

दिवाखाजा कार्यक्रम कार्यान्वयन, व्यवस्थापन र अनुगमन जस्ता कार्यहरूमा आवश्यक सहयोगको लागि सहजीकरण गर्ने योजना अनुसार नेपाल सरकार, शिक्षा विज्ञान प्रविधि मन्त्रालयमा शिक्षा तथा मानवस्रोत विकास केन्द्रको नेतृत्वमा विश्व खाद्य कार्यक्रमको सहकार्य र आइ.डी.एस. नेपालको व्यवस्थापकीय पहलमा २०७७ सालमा २३ जिल्ला र २०७८ सालमा ४८ जिल्ला गरि ७१ जिल्लामा विद्यालय दिवाखाजा सम्बन्धित जिल्ला समन्वय प्रमुखको आतिथ्यमा जिल्लाका सदरमुकामहरूमा सबै स्थानीय तहका सामाजिक तथा शिक्षा समितिका अध्यक्ष र शिक्षा शाखा प्रमुखहरूको दुई दिने सहजीकरण कार्यक्रम सञ्चालन गरिएको थियो । यी दुई तहका प्रशिक्षित जनशक्तिहरूको माध्यमबाट ३० हजार सामुदायिक विद्यालयमा दिवाखाजा कार्यक्रम कार्यान्वयन गर्न गराउन सकिने आशा गरिएको छ । सबै स्थानीय तहहरूले विद्यालय नेतृत्वलाई दिवाखाजाको गुणात्मक व्यवस्थापन गर्न विद्यालय व्यवस्थापन समिति, प्रधानाध्यापक, शिक्षक तथा अभिभावकरूको खाद्य पदार्थको परिकार तथा तयार गर्ने सिप र क्षमता अभिवृद्धि गर्ने विश्वास पनि गरिएको छ (पोखेल, २०७८ असोज १०) ।

इडुपत्र (२०७७ ), महँगो शहरमा हुर्किएकालाई १५ रूपैयामा खाजा आउँछ भन्दा नाक खुम्चाउनु स्वाभाविक हो । किनकि शहरमा १५ रूपैयामा खाजा त के एक कप चिया सम्म पिउन पाईंदैन । तर सामुदायिक विद्यालयमा अध्यनरत विद्यार्थीका लागि १५ रूपैयाको महत्व ठुलो हुने गरेको छ ।

शिक्षा तथा मानव स्रोत विकास केन्द्रका अनुसार देशभर २९ हजार ५८७ ECD मा ५ लाख ४१ हजार ४८० विद्यालयका २३ लाख ८८ हजार ८०९ जना गरि जम्मा २९ लाख ४० हजार ७८९ जना विद्यार्थीले त्यहि १५ रूपैयामा पौष्टिक खाजा खान पाउने भएका छन् । यसका लागि सरकारले चालु आर्थिक वर्ष २०७९/०८० को बजेटमा ७ अर्ब ७२ लाख ९३ हजार ३० रूपैया बजेट विनियोजन गरेको छ (इडुपत्र, २०७७ ) ।

## अध्ययनको सैद्धान्तिक खाका

स्किनर (१९३० ) का अनुसार कुनै पनि व्यवहार उत्तेजनाका कारणबाट देखापर्नुलाई, प्रतिक्रियात्मक कारणबाट देखापर्नुलाई नै प्रतिक्रियात्मक ब्यवहार भनिन्छ । स्किनरले सन् १९३० मा क्रियापरक अनुसन्धान मुसा माथि प्रयोग गरेका थिए । त्यसैगरि उनले दोस्रो प्रयोग परेवा माथि गरेका थिए । यो सिद्धान्तबाट कुनै पनि कुरा सिक्न सिकारू तत्पर हुनुपर्दछ । सिकारू तत्पर छ र निरन्तर अभ्यासरत छ भन्ने सिकाइ प्रभावकारी हुन्छ । त्यसकारण विद्यार्थी मुल्याङ्कनमा पनि यो सिद्धान्तको सम्भव छ । मुल्याङ्कन एक पटक नगरेर विद्यार्थीले तत्काल सिकाइको क्रममा देखाउने प्रतिक्रियाको आधारमा यसका हरेक क्रियाकलापको निरन्तर रूपमा मूल्याङ्कन गर्दै जानु पर्दछ । विद्यार्थीको निरन्तर मूल्याङ्कन गर्ने क्रममा सिकाइ क्रमश : सरलबाट जटिल तर्फ अग्रसर हुनु पर्दछ । सिकाइलाई तय गरेको एउटा शैक्षिक उपलब्धिमा अभ्यस्त गराई सकेपछी मात्र अर्को शैक्षिक उपलब्धि तिर अगाडी बढाउनु पर्ने तथा विद्यार्थीका लागि तय गरिएका उपलब्धिहरू हासिल नभएसम्म सिकारूलाई पटक पटक शिक्षकले अभ्यास गराउनु पर्ने भन्ने कुराको लागि यो सिद्धान्तलाई आधार बनाइएको छ (शर्मा २०५८ मा उद्धतांश) ।

प्यावलव (१९०४ ), का कुनै पनि सिकाइ उत्तेजना र प्रतिक्रियामा आधारित हुन्छ । उनले कुकुर माथि गरेको यो सिद्धान्त प्रतिपादन गरेका हुन् । यस सिद्धान्तमा कुकुरलाई घन्टी बजाउने र खानदिने कार्य संगसंगै गर्ने कार्य पटक पटक दोहोऱ्याई अभ्यस्त बनाउने कार्य गरिन्छ । यस सिद्धान्त अनुसार सिकारूलाई पटक पटक पुनरबल दिई सिकाइ कार्यमा अभ्यस्त गराउन

सकिन्छ । जुन विद्यार्थीको लागि सिकाइ उपलब्धि हासिल गराउन उपयोगी सिद्ध रहन्छ (श्रेष्ठ, तामांङ्ग र बस्न्यात, २०६७) बाट उध्रितांश ।

थर्नडाइक (१९१३) का अनुसार भनेको ठिक व्यवहारलाई आत्मसात गर्नु तथा बेठीक व्यवहारलाई त्याग्दै जानु हो । सिकारुले पनि सिक्ने विभिन्न प्रयासहरू गर्दा गर्दै र प्रतिक्रिया देखाउँदा देखाउँदै सफलता प्राप्त गर्नु सही सामाधान र प्रयासले मात्र स्थायीरूप लिई सिकाइ स्थायी तथा प्रभावकारी हुने कुरामा जोड दिइएको छ । शिक्षण सिकाइ क्रियाकलापलाई प्रभावकारी बनाउनका लागि पाठ्यक्रमले तोकेका क्रियाकलाप तथा शैक्षिक सुचकलाई क्रमश : अभ्यस्त बनाउँदै निचोडमा पुग्नुपर्छ । अभ्यासले मानिसलाई सिकाइ प्रति दत्तचित्त तथा उत्प्रेरित बनाउन मद्दत गर्ने हुँदा विद्यार्थी मूल्याङ्कनको क्रममा विद्यार्थीहरूलाई दैनिक रूपमा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा सामेल गराउँदै खाजा कार्यक्रमको मूल्याङ्कन गर्न सकिन्छ (शर्मा, २०५८) बाट उध्रितांश) ।

मास्लो (१९४३) को सिद्धान्त अनुसार नै वर्तमान प्राथमिक पाठ्यक्रममा सिकाइ उपलब्धिलाई क्रमिक रूपमा संगठीत गरिएको पाइन्छ । सिकाइ उपलब्धिहरू एक पछि अर्को गर्दै प्राप्त गर्न सकिने गरी सिकाइ अनुभवहरूको संगठन गरिएको छ । वर्तमान प्राथमिक पाठ्यक्रमले विद्यार्थीहरूको सिकाइ उपलब्धि प्राप्त भए नभएको क्रमैसँग निरन्तर मूल्याङ्कन गर्नु पर्ने व्यवस्था गरेको छ । एक चरणको उपलब्धि प्राप्त गरिसकेपछि मात्र अर्को चरणको सिकाइ उपलब्धि प्राप्त गर्नको लागि आवश्यक शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्नुपर्ने व्यवस्था रहेको छ । साथै निश्चित सिकाइ उपलब्धि प्राप्त नभएमा सो प्राप्त गर्नको लागि उपयुक्त शैक्षणिक प्रक्रिया अपनाउनु पर्ने र सुधारात्मक शिक्षण गर्नुपर्ने व्यवस्था समेत गरेको छ । यसरी प्राथमिक तहमा निर्धारित सिकाइ उपलब्धिहरू उनको उत्प्रेरणाको सिद्धान्त अनुसार नै राखिएको पाइन्छ । साथै यसमा निरन्तर मूल्याङ्कन प्रणाली अर्न्तगत खाजा कार्यक्रममा विद्यार्थीहरूले क्रमशः एक पछि अर्को गर्दै सिकाइ उपलब्धि प्राप्त गर्दै गएपछि मात्र कक्षा चढाउने व्यवस्था गरिएको छ (शर्मा २०६५ मा उद्धतांश)

## पुनरावलोकनको उपादेयता

प्रस्तुत सिद्धान्त र साहित्यहरुको पुनरावलोकनले विद्यालयहरुमा दिवाखाजा कार्यक्रमको व्यवस्थापन, दिवाखाजा कार्यक्रमले विद्यार्थी भर्नामा पारेको प्रभाव र विद्यालयहरुमा दिवाखाजा कार्यक्रमको व्यवस्थापनमा देखिएका समस्याहरु केलाउन र समस्या समाधानका उपायहरु

खोजी गर्न सहयोग पुग्ने देखिन्छन् । सरोकारवालाहरुलाई दिवाखाजा कार्यक्रमको प्रभावकारी कार्यान्वयन एवम् व्यवस्थापन लागि समेत सहयोग पुऱ्याउँछन् । सामुदायिक विद्यालयहरूमा लागु गरिएको दिवाखाजा कार्यक्रमको सरोकारवालाहरूबाट उचित व्यवस्थापन, सक्रियता र निरन्तरताका लागि अभिप्रेरित गर्ने गरेको छ । साथै व्यवस्थापकिय दक्षता अभिवृद्धिमा समेत प्रोत्साहित गर्ने गरेको छ । कुनै पनि कार्यको प्रभावकारी कार्यान्वयनका लागि योजना बनाउन, रणनीति तयार गर्न, विधि र प्रक्रिया अवलम्बन, व्यवस्थापन तथा कार्यान्वयनका दिशाहरुको मार्ग खोजी गर्न यो साहित्य र सिद्धान्तले मार्ग प्रशस्त गरेको छ ।

प्रस्तुत साहित्य र सिद्धान्तले दिवाखाजा कार्यक्रमको कार्यान्वयन र व्यवस्थापन गर्ने निकाय, व्यक्ति र संस्था आदिलाई प्रभावकारी कार्यान्वयन एवम् व्यवस्थापनमा समेत सहयोग पुऱ्याएको छ । विद्यालयमा दिवाखाजा कार्यक्रमको प्रभावकारीता सम्बन्धमा शोधपत्र तयार पार्नका लागि आवश्यक प्रक्रिया अवलम्बन, अध्ययन विधि छनोट, तथ्याङ्क सङ्कलनका साधनहरुको प्रयोग, छलफल विधि तथा व्याख्या र विश्लेषणमा साहित्य र सिद्धान्तले सहयोग पुऱ्याएको छ । विद्यालयमा दिवाखाजा कार्यक्रम प्रभावकारी भएन भने शैक्षिक गतिविधि लगायतका व्यवस्थापकिय पक्ष नै प्रभावित हुने तथा राज्यको लगानी खेर जाने तथ्य उजागर गर्दै प्रस्तुत सिद्धान्त र साहित्यले विद्यालयमा दिवाखाजा कार्यक्रमलाई प्रभावकारी बनाउने र सरोकारवालाहरुलाई प्रभावकारी कार्यान्वयनका लागि घचघच्याउने कार्यमा समेत सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

## परिच्छेद तीन

## अध्ययन विधि

यस परिच्छेदमा अनुसन्धानको ढाँचा, अध्ययनको जनसंख्या तथा नमूना छनोट, नमूना छनोट प्रक्रिया, साधनहरुको निर्माण, साधनहरुको वैधता, तथ्याङ्क सङ्कलन प्रक्रिया, तथ्याङ्कका स्रोतहरु र अभिलेख अध्ययनलाई उल्लेख गरिएको छ ।

### अनुसन्धान ढाँचा

यो अध्ययन अनुसन्धान कार्यक्रम लागु भएको सुरूकै अवस्थाबाट यस सँग सम्बन्धित पुर्व ज्ञानको पुनरावलोकन उपयुक्त तरिका प्रयोग गरी तथ्याङ्क सङ्कलन, प्रस्तुति तथा विश्लेषण गरिनेछ । यसले विद्यालयमा प्रदान गरिने खाजा कार्यक्रमको प्रभावकारीता स्पष्ट गराएको छ । अनुसन्धानलाई विश्वसनीयता र वैधता प्रदान गर्न विशेषज्ञहरूको उपस्थिति समेत गराइएको थियो । यो शोधपत्र लेखनको क्रममा गुणात्मक अनुसन्धान विधिबाट खोज गरिएको छ । गुणात्मक अनुसन्धान कुनैपनि घटना, समस्या वा मुद्दाहरुको बारेमा व्याख्यात्मक सूचनाहरु सङ्कलन गरि सोही आधारमा व्याख्या, विश्लेषण तथा निष्कर्ष निकाल्न गरिने अनुसन्धान हो । अर्को शब्दमा भन्दा गहन अन्तरवार्ता, अवलोकन र लिखित समुह छलफल जस्ता अनुसन्धानका साधनहरुको प्रयोग गरी सङ्कलन गरिएका शाब्दिक स्वरुपका तथ्याङ्कहरुलाई व्याख्यात्मक रुपमा विश्लेषण गरि ठोस निष्कर्षमा पुगिने अनुसन्धान गुणात्मक अनुसन्धान भएकोले यसैलाई आधार मानी शोधकार्य लेखन गरिएको छ । सङ्कलन गरिएको तथ्याङ्कलाई शाब्दिक रुपमा व्याख्या र विश्लेषण गरिएको छ । उत्तरदाताबाट प्राप्त भएका विचार, धारणा एवम् प्रतिक्रियालाई जस्ताको त्यस्तै उद्धत गरि राखिएको छ । गुणात्मक अनुसन्धानमा नमुनाको आकार सानो हुन्छ जसले गर्दा उक्त नमुनाका आधारका निकालिएको निष्कर्षलाई ठूलो जनसंख्या र विभिन्न अवस्थाहरुमा सामान्यीकरण गर्न सकिदैन । अध्ययनको क्रममा नै गुणात्मक अनुसन्धानमा अनुसन्धान ढाँचा विकसित हुने गर्दछ । गहिरो र खुल्ला अन्तरवार्ता, प्रत्यक्ष अवलोकन, लक्षित समूह छलफल तथा लिखित दस्तावेज जस्ता गुणात्मक तथ्याङ्क संकलनका साधनहरु प्रयोग गरिएका छन् । गुणात्मक अनुसन्धानमा अध्ययनका लागि नमूना छनोट गर्दा उद्देश्यमूलक नमूना छनोट विधि अवलम्बन गरिने भएकोले सङ्कलित तथ्याङ्कलाई आगमन विधिका आधारमा विश्लेषण गरिएको छ ।

## अध्ययनको जनसंख्या तथा नमूना छनोट

यस अध्ययन अनुसन्धानमा जनसंख्या छनोटका लागि सुनसरी जिल्लाको इटहरी उप महानगरपालिका भित्रका ग्रामिण भेगका आदीवासी, जनजाति, दलित, पिछडा वर्गका जात जातिहरुको बाहुल्यता रहेका ६ वटा सामूदायिक विद्यालयहरु छनोट गरी "विद्यालयमा दिवाखाजा कार्यक्रमको प्रभावकारीता" शीर्षकमा उद्देश्यमूलक नमूना छनोटको आधारमा तयार गरिएको छ ।

## नमूना छनोट प्रक्रिया

अनुसन्धान कार्यमा नुना छनोटको महत्वपूर्ण भूमिका हुन्छ । अनुसन्धान कार्यका लागि तथ्याङ्क सङ्कलन कार्यमा सहजता प्राप्त गर्न अध्ययन गरिने स्थान र जनसंख्यालाई प्रतिनिधित्व हुनेगरि छनोट गर्ने प्रक्रिया नमूना छनोट हो । तसर्थ यो शोधकार्य उद्देश्यमा आधारित नमुना छनोटको आधारमा तयार पारिएको छ । उद्देश्यमा आधारित नमूना छनोट भन्नाले अनुसन्धानकर्ताले जनसंख्याका कुन-कुन एकाइलाई छनोट गर्दा आफ्नो उद्देश्य पुरा गर्न सक्छ भनि निर्णय गरेर नमूना छनोट गरिन्छ । त्यसैको आधारमा छनोट गरिएको छ ।

## विद्यालय छनोट

दिवाखाजा व्यवस्थापन कार्यक्रमलाई प्रभावकारी बनाउन र विद्यार्थीहरूको भर्नामा परेको प्रभावलाई विश्लेषण गर्न इटहरी उप महानगरपालिका भित्रका ६ वटा विद्यालयहरूलाई छनोट गरिएको छ ।

## प्रधानाध्यापकहरूको छनोट

यस अध्ययनकामा सहि सूचना सङ्कलन गर्न ६ वटै विद्यालयका प्रधानाध्यापकहरूलाई नमूनाको रूपमा छनोट गरिएको छ ।

## अभिभावकहरूको छनोट

यस अध्ययन अनुसन्धानका लागि नमूना छनोटमा परेका विद्यालयहरुका बालविकास कक्षा देखि कक्षा ६ सम्मका विद्यार्थीहरूका अभिभावकहरू मध्ये संयोग नमूना छनोटका आधारमा प्रत्येक कक्षा वाट २ /२ जना अभिभावकहरूलाई छनोट गरिएको छ ।

### विद्यार्थीहरूको छनोट

यस अध्ययन अनुसन्धानमा सवै विद्यार्थीहरूलाई छनोट गर्न सम्भव हुँदैन । अनुसन्धानकर्ताको परिस्थिति र समय अनुसार सूचना सङ्कलनका लागि निश्चित विद्यार्थीहरुलाई छनोट गर्न सकिने छ । त्यसै अनुसार यस अनुसन्धानमा सूचना सङ्कलनका लागि छनोटमा परेका विद्यार्थीहरू मध्ये ५/५ जना विद्यार्थीहरू संयोग नमूनाका आधारमा छनोट गरिएको छ ।

### साधनहरूको निर्माण

यस अनुसन्धानका लागि सूचना संकलन गर्न विभिन्न साधनहरूको निर्माण गरिएको छ ।

### तथ्याङ्क संकलन फाराम

तथ्याङ्क सङ्कलनका लागि दिवाखाजा कार्यक्रम लागु भएका विद्यालयबाट अवलोकन फाराम, अन्तवार्ता अनुसूची, विद्यार्थी र अभिभावकह्रुका लागि भिन्ना-भिन्नै प्रश्नावली र विद्यालय अभिलेख जस्ता श्रोतहरू शोधकर्ता आफै उपस्थित भई अवलोकन साधनहरुका माध्यमबाट आवश्यक तथ्याङ्क सङ्कलन गरिएको छ ।

### अन्तर्वार्ता अनुसूची

यो एक प्रकारको सूचना सङ्कलन गर्ने साधन हो । यो प्रश्नहरूको संग्रह पनि हो । सहि तथ्याङ्क सङ्कलन गर्न उत्तरदातासंग प्रश्न सोध्नु अगावै निश्चित विषयमा तोकिएको उद्देश्य प्राप्तिका लागि यो प्रश्नावली निर्माण गरिने छ । दिवाखाजा कार्यक्रम व्यवस्थानमा परेको प्रभावको सहि तथ्याङ्क सङ्कलन गर्न सुनसरी जिल्लाको इटहरी उपमहानगरपालिका स्थित विद्यालयको खाजा कार्यक्रम संयोजक, प्रधनाध्यापक, शिक्षक, अभिभावक र विद्यार्थीहरूको लागि बन्द र खुल्ला अन्तर्वार्ता प्रश्नावली निर्माण गरिने छ । अन्तर्वार्ता प्रश्नावलीहरूको नमुना क्रमश : अनुसूची १,२,३,४,५,६,७ र ८ मा उल्लेख गरिएको छ ।

### लक्षित समुह छलफल

अध्ययन अनुसन्धानका लागि छनोटमा परेका विद्यालयका आधारभूत तह (०-६) का विद्यार्थीलाई खाजा कार्यक्रमबाट शैक्षिक स्थिति, पढाइप्रति रूची, घरको आर्थिक अवस्था, शिक्षण विधि तथा समग्र शैक्षिक उपलाब्धिमा पारेको प्रभावको बारेमा लक्षित समूह छलफल गरिने छ । लक्षित समुह छलफलका विषयवस्तु अनुसूची ६ मा उल्लेख गरिएको छ ।

**अवलोकन फाराम**

अवलोकन फाराम एक प्रकारको निर्देशित फाराम हो । यस अन्तर्गत दिवाखाजा कार्यक्रमले विद्यार्थीहरूको सिकाइमा कस्तो प्रभाव पार्न सक्यो भन्ने कुरा अनुसन्धानकर्ताद्वारा कक्षा अवलोकन गरिनेछ । विद्यार्थीहरूको व्यवहार अवलोकन गरि सहि तथ्याङ्क सङ्कलन गर्न अवलोकन फाराम लागु गरिनेछ । अवलोकन फारामको नमुना अनुसूची ७ मा उल्लेख गरिएको छ ।

## साधनको बैधता

तथ्याङ्क सङ्कलनका साधनहरूको बैधताका लागि अन्य विधिहरूको प्रयोगमा ल्याउन समय अभावका कारणले शोध निर्देशकको निगरानीमा निर्देशकको सल्लाह र सुझावका आधारमा साधनहरुको निर्माण गरि पुर्व परीक्षणद्वारा बैधता कायम गरिएको छ ।

## तथ्याङ्क संकलन प्रक्रिया

विद्यालयमा दिवाखाजा कार्यक्रमको प्रभावकारीता सन्दर्भमा तथ्याङ्क सङ्कलनका लागि छनोटमा परेका विद्यालयहरूमा श्री पार्वती मा. वि., श्री सार्वजनिक आ. वि., श्री शान्ति सृजना मा. वि., श्री शम्भुनाथ मा. वि., श्री सरस्वती आ. वि. र श्री सरस्वती सतन मा. वि. लाई नमुना विद्यालयका रुपमा छनौट गरिएको हुँदा छनोटमा परेका विद्यालयहरूमा गई प्रधानाध्यापकहरूलाई भेटि अध्ययनको सम्पूर्ण उद्देश्य बताई अध्ययनका लागि अनुमति लिइएको छ । यस क्रममा अत्यन्त सौहार्दपूर्ण वातावरणमा तथ्याङ्क सङ्कलनको कार्य सम्पन्न भएको छ । एकआध वटा विद्यालयमा प्र. अ. को अनुपस्थितिका कारणले तथ्याङ्क सङ्कलन कार्यमा दुविधा उत्पन्न गराएको भएतापनि तथ्याङ्क सङ्कलनकर्ताको स्पष्ट उद्देश्य र प्र.अ. सँगको समन्वयात्मक भूमिकाका कारणले कार्यमा सहजता आएको थियो । स्थलगत अध्ययनबाट प्राथमिक तथ्याङ्क र सूचनाहरुको सङ्कलन गरिएको छ । शिक्षक, विद्यार्थी, अभिभावकहरू संग अनुसन्धानकर्ता स्वयम् उपस्थिति भई तथ्याङ्क सङ्कलन गरिएको छ । यसरी नमूनाका रुपमा छनोट गरिएका सामुदायिक विद्यालयहरुमा प्राथमिक र सहायक स्रोतका आधारमा लिइएका तथ्याङ्कहरुबारे व्याख्या विश्लेषण गर्दा शिक्षक, विद्यार्थी, अभिभावकप्रति सकारात्मक प्रभाव परेको देखिन्छ ।

## तथ्याङ्कको स्रोतहरू

### प्राथमिक स्रोत

यस अध्ययन अनुसन्धानमा प्राथमिक तथ्याङ्कलाई बढी जोड दिइएको छ । प्राथमिक तथ्याङ्क सङ्कलनका लागि उपमहानगरपालिका स्थित दिवाखाजा कार्यक्रम संयोजक, प्र. अ., शिक्षक, अभिभावक, विद्यार्थीहरू नै प्राथमिक तथ्याङ्क स्रोत मानिएको छ ।

### सहायक स्रोत

सहायक तथ्याङ्कका रूपमा विभिन्न किसिमका अनुसन्धानात्मक पुस्तकहरू, लेखहरू, सामाग्रीहरू, दिवाखाजा कार्यक्रमका विषयमा कार्यालयबाट उपलब्ध सन्दर्भ सामाग्रीहरु लाई नै सहायक स्रोतको रूपमा लिइएको छ ।

## अभिलेख अध्ययन

अध्ययनका क्रममा सङ्कलन गरिएका विद्यार्थीहरूको हाजिरी रेकर्ड र विद्यार्थीको सिकाइ उपलब्धि तथा प्राप्त सम्बन्धि अभिलेखहरु अनुसन्धानकर्ता स्वयम्बाट अध्ययन गरिएको छ ।

## अध्ययनको रणनीति

| क्र.सं. | उद्देश्यहरू | विधि | प्रतिक्रिया दाता | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | अभिलेख | प्र.अ. | शिक्षक | अभिभावक | विद्यार्थी |
| १. | विद्यालयमा | अन्तर्वार्ता | | ✓ | ✓ | ✓ | |
| | दिवाखाजाको | प्रश्नावली | | ✓ | ✓ | ✓ | |
| | कार्यक्रमको | लक्षित समुह | | | | | ✓ |
| | प्रभावकारीता पत्ता | छलफल | | | | | |
| | लगाउने । | अवलोकन | ✓ | | | | |
| २. | दिवाखाजाले | अन्तर्वाता | | ✓ | ✓ | ✓ | |
| | विद्यार्थीहरूको | प्रश्नावली | | ✓ | ✓ | ✓ | |
| | भर्नामा पारेको | लक्षित समुह | | | | | ✓ |
| | प्रभाव पत्ता | छलफल | | | | | |
| | लगाउने । | अवलोकन | ✓ | | | | |
| ३. | दिवाखाजा | अन्तर्वाता | | ✓ | ✓ | ✓ | |
| | व्यवस्थापनमा | प्रश्नावली | | ✓ | ✓ | ✓ | |
| | देखिएका समस्या | लक्षित समुह | | | | | ✓ |
| | पहिचान गरी | छलफल | | | | | |
| | समाधानको उपाय | अवलोकन | ✓ | | | | |
| | खोजी गर्नु । | | | | | | |

## परिच्छेद चार

## तथ्याङ्कको प्रस्तुतीकरण र ब्याख्या

प्रस्तुत स्थलगत अध्ययन अनुसन्धान सुनसरी जिल्लाको इटहरी उपमहानगरपालिका अन्तर्गत छनोटमा परेका ६ वटा विद्यालयहरूमा दिवाखाजा कार्यक्रमको प्रभावकारीता सन्दर्भमा गरिएको अध्ययनमा प्राप्त भएको जानकारी, सूचना तथा तथ्याङ्कहरूलाई यस परिच्छेदमा व्याख्या, विश्लेषण तथा छलफल गरिएको छ। सामुदायिक विद्यालयहरुमा दिवाखाजा कार्यक्रमको वर्तमान अवस्था, दिवाखाजाले विद्यार्थीको भर्नामा पारेको प्रभाव र दिवाखाजा व्यवस्थापनमा देखिएका समस्या र समाधानका उपायहरू बारे सरोकारवालाहरूको धारणा, विद्यालयको सर्वेक्षण, प्रा.अ., शिक्षक, विद्यार्थी र अभिभावकहरूको धारणालाई यस परिच्छेदमा निम्न अनुसारका उपशीर्षक भित्र रहेर प्रस्तुत गरिएको छ।

### दिवाखाजा सञ्चालन र प्रभावकारीताको अवस्था पहिचान

प्रस्तुत शोधपत्र विद्यालयमा दिवाखाजा सञ्चालन र प्रभावकारीताको अवस्थाको बारेमा अध्ययन गर्दा भान्सा सहितको भण्डार कक्ष, धुँवा रहित चुलो, भाडावर्तन, खाजा तयार गर्ने भान्से लगायतका पूर्वाधारहरू सम्वन्धित हुने गर्दछ।

### विद्यालयमा दिवाखाजा सम्बन्धि श्रोत र साधनको अवस्था

विद्यालयमा दिवाखाजा कार्यक्रम सञ्चालन गर्दा आवश्यक श्रोत र साधनको अवस्थाको बारेमा अध्ययन गर्दा आवश्यक पूर्वाधार र तिनका मापदण्ड निम्न अनुसारका हुनपर्नें देखिन्छ।

- भान्सा सहितको भण्डार कक्ष
- धुँवा रहित चुलो
- भाडावर्तन
- खाजा तयार गर्ने भान्से
- स्वच्छ र शुद्ध पानी

### भान्सा सहितको भण्डार कक्ष

खाजा कार्यक्रम सञ्चालन गर्ने प्रत्येक विद्यालयमा सुरक्षित रूपमा खाना पकाउने र खाद्य

सामग्री भण्डारण गर्ने भान्सा कक्ष आवश्यक छ। खाद्य सामग्री र खाना परिकार दुषित एवम् बिषादियुक्त नहुने, आगलागी, दुर्घटनाको जोखिम रहित स्वस्थ भान्सा कक्ष हुनुपर्छ। जुन कक्षाकोठा भन्दा केहि टाडा तर बालबालिकाको सहज पहुँचमा हुनुपर्दछ। विद्यालयका लागि विद्यार्थी संख्याको आधारमा भण्डार कोठा सहितको ठाउँ केहि माथि उठेको, प्रकाशयुक्त र हावा सञ्चार हुने भेन्टिलेसन सहितको हुनुपर्छ।

**धुँवा रहित चुलो**

खाना तयार गर्ने इन्धनको रूपमा दाउरा प्रयोग गरिने भए बैकल्पिक ऊर्जा केन्द्रद्वारा निर्माण प्रावधान तथा सिफारिस गरिएको धुँवा रहित चुलो प्रयोग गर्नाले दाउराको खपत कम हुने र ऊर्जा पनि संरक्षण हुने भएकाले सिफारिस भएकै धुँवा रहित चुलो वा एल.पि.जी. ग्याँसको प्रयोग गर्नु पर्नेछ।

**भाडावर्तन**

दिवाखाजाको तयारी गर्न वा दिवाखाजाको लागि निश्चित भाडा वर्तनको आवश्यकता पर्ने हुँदा विद्यालयमा हुने विद्यार्थीहरुको संख्याको आधारमा भाडा वर्तनको व्यवस्थापन गर्नुपर्नेछ।

**खाजा तयार गर्ने भान्से (तयारी कर्ता)**

खाजा तयार गर्ने भान्सेको ब्यवस्थापन विद्यार्थी संख्याको अनुपातमा हुनु पर्दछ। पहिलो ६० जना विद्यार्थी बराबर १ जना, १३० जना सम्मका लागि २ जना २०० जना सम्मका लागी ३ जना र सो भन्दा बढी विद्यार्थी भएको अवस्थामा प्रत्येक १०० जना बराबर १ जनाका दरले आवश्यक संख्यामा आमाहरू मध्येबाट भान्से ब्यवस्था हुनु आवश्यक छ। खाना पकाउनका लागि भान्से तालिम प्राप्त र दक्ष हुनु जरूरी छ। भान्से व्यक्तिगत रूपमा सफा सुग्घर वस्ने तथा सरसफाई र स्वच्छता सम्बन्धमा तालिम प्राप्त हुनु पर्दछ।

**भान्साको सरसफाई र सुरक्षा सम्बन्धि नियमहरू**

- खाना प्रदुषित हुन र रोग संक्रमण हुन नदिन भान्साको नियमित सरसफाई गरि उच्च स्वच्छता कायम राख्नु पर्दछ।
- खाना पकाउन दाउराको सट्टा एल.पि.जी. ग्याँस उपयोग हुने अवस्थामा यसको भण्डारण सुरक्षित स्थान र तरिकाले गरिनु पर्दछ। पकाउने भाडो, भान्सामा प्रयोग हुने

औजार र उपकरण, खाना खान प्रयोग हुने थाल, प्लेट, बटुको, आदि सामानको उचित सरसफाई गरिनु पर्दछ ।

**विद्यालय सर्वेक्षणबाट प्राप्त तथ्याङ्कको प्रस्तुतिकरण**

प्रस्तुत शोधपत्र विद्यालयमा दिवाखाजा कार्यक्रमको प्रभावकारीताको अवस्था बारेमा अध्ययन गर्दा कार्यक्रम लागु भएका ६ वटा विद्यालयबाट तथ्याङ्क संकलन गरिएको छ । ति विद्यालयहरुबाट सङ्कलित तथ्याङ्कहरूलाई यहाँ प्रस्तुत गरिएको छ ।

तालिका- १

विद्यालयमा दिवाखाजा सम्बन्धि श्रोत र साधनको अवस्था

| **कक्षा** | **मापदण्डको आधार** | **पार्वती मा.वि.** | | | **शान्ती सृजना मा.वि** | | | **सार्वजनिक मा.वि.** | | | **शम्भुनाथ मा.वि.** | | | **सरस्वती सतन मोवि** | | | **सरस्वती आ.वि.** | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | उ | स | ठिकै | उ | स | ठिकै | उ | स | ठिकै | उ | स | ठिकै | उ | स | ठिकै | उ | स | ठिकै |
| **१** | भान्सा कोठा | | ✓ | | ✓ | | | | ✓ | | | ✓ | | | | ✓ | | | ✓ |
| **२** | भाडावर्तन | ✓ | | | ✓ | | | ✓ | | | ✓ | | | | ✓ | | | ✓ | |
| **३** | चुलो | ✓ | | | ✓ | | | ✓ | | | ✓ | | | ✓ | | | ✓ | | |
| **४** | भान्से | ✓ | | | | ✓ | | | ✓ | | | ✓ | | | ✓ | | | ✓ | |
| **५** | खानेपानी | ✓ | | | ✓ | | | ✓ | | | ✓ | | | ✓ | | | ✓ | | |

स्रोत :स्थलगत सर्वेक्षण २०७९

उपर्युक्त तालिका अनुसार विद्यालयमा दिवाखाजा सम्बन्धि स्रोत र साधनको अवस्थालाई हेर्दा श्री पार्वती मा.वि.मा भान्सा कोठाको अवस्था सामान्य रहेको, भाडावर्तन आवश्यकता अनुसार पुरा रहेको, खाजा पकाउनको लागि एल.पी.ग्याँस र चुलोको प्रयोग गरिएको छ । साथै खाजा पकाउनको लागि स्टाफ भित्रकै एक जना भान्सेको रूपमा राखिएको छ र खानेपानीको लागि धारा र ट्यूबवेलको प्रयोग गरिएको छ । त्यसैगरि श्री शान्ति सृजना मा.वि.मा खाजाको सम्पूर्ण व्यवस्था व्यवस्थापन समितिको निर्णय अनुसार क्यान्टिनको जिम्मा लगाइएको पाइयो र व्यवस्थापन पक्ष राम्रो नै देखियो । त्यसैगरि श्री सार्वजनिक आ .वि.मा भान्सा कोठा सामान्य रहेको, भाडावर्तन आवश्यकता अनुसार पुरा रहेको, खाजा पकाउनको लागि एल.पी.ग्याँस र

चुलोको प्रयोग गरिएको, भान्सेको रूपमा विद्यालयको कर्मचारी प्रयोग गरिएको र खानेपानीको राम्रो व्यवस्था भएको पाईयो । त्यसैगरि श्री शम्भुनाथ मा.वि.मा भान्साकोठा सामान्य, भाडावर्तन, चुलो खानेपानी उच्च रहेको र भान्सेको लागि त्यहिको कर्मचारीलाई प्रयोग गरिएको पाइयो । त्यसैगरि श्री सरस्वती सतन मा.वि.मा भान्साकोठा ठिकै रहेको, भाडा वर्तन सामान्य रहेको, चुलो र खानेपानी उच्च रहेतापनि भान्सेको समस्या रहेको देखियो । त्यसैगरि श्री सरस्वती आ. वि.मा भान्साकोठा ठिकै रहेको, भाडावर्तन सामान्य रहेको, चुलो र खानेपानी उच्च रहेतापनि भान्सेको लागि कर्मचारी को प्रयोग गरिएको पाइयो ।

समग्रमा ६ वटै विद्यालयको दिवाखाजा श्रोत साधनको अवस्थालाई हेर्दा भाडावर्तन, चुलो र खानेपानीको अवस्था उच्च देखिएको पाइयो र भान्साकोठाको अवस्था सामान्य रहेको र भान्सेको रुपमा प्राय विद्यालय कर्मचारी रहेको पाइयो । अझ मापदण्डको आधारमा श्रोत साधनको व्यवस्थापन गर्नुपर्ने देखिन्छ ।

तालिका - २

दिवाखाजा खुवाउने साप्ताहिक विवरण

| क्र.स | विद्यालयको नाम | आइतबार | सोमबार | मंगलबार | बुधबार | बिहिबार | सुक्रबार | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | श्री पार्वती मा.वि.इटहरी -१४ | चनाचिउरा | हलुवा | पास्ता | चटपट्टे | थुप्पा | बिस्कुट | |
| २. | श्री शान्ति सृजना मा. वि.इटहरी-१४ | - | - | - | - | - | - | क्यान्टिनको जिम्मा |
| ३. | श्री सार्बजनिक आ. वि.इटहरी-१४ | चनाचिउरा | हलुवा | खिर | चटपटी | फलफुल | बिस्कुट | |
| ४. | श्री सरस्वती सतन मा. वि.इटहरी-७ | हलुवा | खिर | चनाचिउरा | फ्राइड राईस | हलुवा | फलफुल | |
| ५. | श्री शम्भुनाथ मा. वि.इटहरी -१५ | फलफुल | हलिया | खिर | दलीया | चनाचिउरा | दुध बिस्कुट | |
| ६. | श्री सरस्वती आ. वि.इटहरी -१५ | चनाचिउरा | हलुवा | जाउलो | चनाचिउरा | खिर | फलफुल | |

स्रोत :स्थलगत सर्वेक्षण २०७९

उपर्युक्त तालिका अनुसार अध्ययन गरिएको ६ वटा विद्यालयहरूको साप्ताहिक दिवाखाजा विवरण अनुसार श्री पार्वती मा.वि.ले साप्ताहिक रूपमा विद्यालय भित्रै भान्साकोठाको व्यवस्थापन गरि भाडाकुडा र भान्सेको सहित व्यवस्थापन गरि क्रमशः चना चिउरा, हलुवा, पास्ता, चटपट्टे, थुक्पा र बिस्कुट को व्यवस्था गरेको दिखियो । त्यसैगरि श्री शान्ति सृजना मा.वि .ले विद्यार्थीलाई खुवाउने दिवाखाजा एउटा क्यान्टिन पसलेको छनौट गरि वि.व्य.स.वा समितिको निर्णय अनुसार साप्ताहिक रूपमा खुवाउने गरेको पाईएको छ । त्यसैगरि श्री सार्वजनिक आ.वि.ले बिद्यालय भित्रै सबै थोकको व्यवस्था गरि साप्ताहिक रूपमा क्रमश : चना चिउरा, हलुवा, खिर, चटपटी, फलफुल र बिस्कुट खुवाउँदै आएको छ । त्यसैगरि श्री सरस्वती सतन मा.वि.ले विद्यालय भित्रै सबै थोकको व्यवस्था गरि साप्ताहिक रूपमा क्रमश : हलुवा, खिर, चना चिउरा, फ्राइड राइस, हलुवा र फलफुल खुवाउँदै आएको छ । त्यसैगरि श्री शम्भुनाथ मा.वि. ले नेपाल स्वस्थ फुड उद्योग प्रा.लि.बिराटनगरबाट उत्पादित मापदण्ड अनुसारको खाजा क्रमश : पोषिलो खिर, मिठो दलीया, हलुवा र चकलेट खुवाउँदै आएको छ । त्यसैगरि श्री सरस्वती आ.वि.ले विद्यालय भित्रै व्यवस्थापन गरी साप्ताहिक रूपमा क्रमशः चना चिउरा, हलुवा, जाउलो, चनाचिउरा, खिर र फलफुल खुवाउँदै आएको छ ।

यसरी साप्ताहिक दिवाखाजा विवरणलाई मध्यनजर गर्दा प्रायः पोष्टिक आहार खुवाएको देखिएतापनि कतै-कतै कहिलेकाँहि जंगफुड अन्तर्गतका खानेकुरा पनि खुवाउने गरेको पाइयो । दिवाखाजा व्यवस्थापन समिति र अभिभावकहरुको भनाई अनुसार सरकारले तोकेको प्रति विद्यार्थी प्रतिदिन अनुदान रकम रु. १५ ले मात्र पोष्टिक आहारको रूपमा नपुग्ने भएकोले बजेट अनुसारको खाजा खुवाई विद्यार्थीहरूमा विद्यालयप्रति आर्कषण बढाएको देखिन्छ । आगामी दिनमा सरकारले खाजामा दिने गरेको अनुदान रकममा बृद्धि गरी वालवालिकाहरुले विद्यालयमा पौष्टिक आहार प्राप्त गर्ने अवस्थाको सुनिश्चितता हुनुपर्ने देखिन्छ ।

## दिवाखाजा कार्यक्रमले विद्यार्थी भर्नामा पारेको प्रभाव

इटहरी उपमहानगरपालिका अर्न्तगत पर्ने ६ वटा ग्रामिण भेगका विद्यालयमा स्थलगत सर्वेक्षण गर्दा विद्यार्थीहरूले खाजा खानकै लागि भएपनि विद्यालय आउने गरेको देखिन्छ । जसले गर्दा विद्यार्थी भर्नामा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा प्रभाव पारेको देखिएता पनि विद्यार्थी टिकाउ दरमा खासै प्रभाव नपरेको देखिन्छ ।

तालिका -३

श्री पार्वती माध्यमिक विद्यालय, इटहरी - १४, नरभाषा

विद्यार्थी भर्ना विवरण

| कक्षाहरू | कार्यक्रम लागु भएको अघिल्लो वर्ष २०७८ | | | कार्यक्रम लागु भएको यस वर्ष २०७९ | | |
|---|---|---|---|---|---|---|
| | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा |
| बा.वि. | ३० | ३९ | ६९ | ३२ | ४६ | ७८ |
| १. | ९ | १५ | २४ | १२ | १६ | २८ |
| २. | ९ | १० | १९ | ११ | ११ | २२ |
| ३. | ११ | ११ | २२ | १० | १९ | २९ |
| ४. | १२ | १६ | २८ | १९ | ११ | ३० |
| ५. | १६ | ६ | २२ | १५ | १५ | ३० |
| ६. | १४ | ८ | २२ | ८ | १२ | २० |
| जम्मा | १०१ | १०५ | २०६ | १०७ | १३० | २३७ |

स्रोत :स्थलगत सर्वेक्षण २०७९

उपर्युक्त तथ्याङ्क श्री पार्वती मा.वि. इटहरी -१४, नरभाषाको विद्यार्थी भर्ना दिवाखाजा कार्यक्रम लागु भएको अगाडिको वर्ष २०७८ र कार्यक्रम लागु भएको यस वर्ष २०७९ लाई तुलनात्मक रूपमा अध्ययन गर्दा विद्यार्थी भर्ना दरमा केहि वृद्धि भएको देखिएता पनि टिकाउ दरमा कम रहेको देखिन्छ। साथै यस विद्यालयको संख्याको आधारमा २०७९ सालको विवरण हेर्दा कक्षा-६ सम्मको छात्र-छात्राको औषत उपस्थिति छात्र भन्दा छात्राको संख्या बढि भएको देखिन्छ। विद्यार्थी संख्यामा अगाडी वर्षको तुलनामा यस वर्ष ७ प्रतिशतले वृद्धि भएको देखिन्छ।

तालिका -४

श्री शान्ति सृजना माध्यमिक विद्यालय, इटहरी - १४, खनार
विद्यार्थी भर्ना विवरण

| कक्षाहरू | कार्यक्रम लागु भएको अघिल्लो वर्ष २०७८ | | | कार्यक्रम लागु भएको यस वर्ष २०७९ | | |
|---|---|---|---|---|---|---|
| | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा |
| बा.वि. | १२ | १३ | २५ | १२ | १९ | ३१ |
| **१.** | २३ | २५ | ४८ | २८ | २८ | ५६ |
| **२.** | २० | २४ | ४४ | २३ | २५ | ४८ |
| **३.** | २० | २८ | ४८ | २५ | ३५ | ६० |
| **४.** | २५ | २६ | ५१ | १५ | ४० | ५५ |
| **५.** | २४ | २० | ५४ | ३० | २८ | ५८ |
| **६.** | २४ | २० | ४४ | २४ | २० | ४४ |
| जम्मा | १४८ | १५६ | ३०४ | १५७ | १९५ | ३९५ |

स्रोत :स्थलगत सर्वेक्षण २०७९

उपर्युक्त तथ्याङ्क श्री शान्ति सृजना मा.वि., इटहरी-१४, खनारको दिवाखाजा कार्यक्रम लागु भएको अगाडिको वर्ष २०७८ र यस वर्ष २०७९ को तुलनात्मक अध्ययन गर्दा भर्ना दरमा १३ प्रतिशत वृद्धि भएको देखिएता पनि विद्यार्थी टिकाउ दर कम रहेको देखिन्छ। साथै विद्यालयको संख्याको आधारमा २०७९ सालको विवरण हेर्दा छात्रको संख्या भन्दा छात्राको संख्या बढि रहेको देखिन्छ।

तालिका-५

श्री सार्वजनिक आधारभूत विद्यालय, इटहरी - १४, लोहनी

विद्यार्थी भर्ना विवरण

| कक्षाहरू | कार्यक्रम लागु भएको अघिल्लो वर्ष २०७८ | | | कार्यक्रम लागु भएको यसवर्ष २०७९ | | |
|---|---|---|---|---|---|---|
| | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा |
| बा.वि. | ६ | ५ | ११ | ८ | ९ | १७ |
| **१.** | ३ | ४ | ७ | ३ | ४ | ७ |
| **२.** | ५ | ३ | ८ | ५ | ३ | ८ |
| **३.** | ४ | ५ | ९ | ४ | ५ | ९ |
| **४.** | ८ | ५ | १३ | ८ | ५ | १३ |
| **५.** | ४ | ६ | १० | ४ | ६ | १० |
| जम्मा | २६ | २८ | ५४ | ३२ | ३२ | ६४ |

स्रोत : स्थलगत सर्वेक्षण २०७९

उपर्युक्त तथ्याङ्क श्री सार्वजनिक आधारभूत विद्यालय इटहरी -१४, लोहनी को विश्लेषण गर्दा यस विद्यालयमा दलित समुदायका अति विपन्न परिवारका विद्यार्थीहरू खाजा खानकै लागि भए पनि विद्यालय आउने गरेको अनुसन्धानले देखाउँछ। दिवाखाजा लागु भएको अगाडिको वर्ष र यस वर्ष २०७९ को तुलनात्मक अध्ययन गर्दा विद्यार्थीहरु खाजा खानकै लागि भर्ना हुने गरेको देखिन्छ साथै विद्यालयको २०७९ सालको विवरणलाई तुलना गर्दा छात्र-छात्राको संख्याको आधारमा छात्र-छात्राको अनुपात १:१ रहेको देखिन्छ। साथै विद्यार्थी संख्या अगाडि वर्षको तुलनामा यस वर्ष ८ प्रतिशतले वृद्धि भएको देखिन्छ।

तालिका-६

श्री शम्भुनाथ माध्यमिक विद्यालय इटहरी - १५, एकम्बा

विद्यार्थी भर्ना विवरण

| कक्षाहरू | कार्यक्रम लागु भएको अघिल्लो वर्ष २०७८ | | | कार्यक्रम लागु भएको यसवर्ष २०७९ | | |
|---|---|---|---|---|---|---|
| | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा |
| बा.वि. | ३५ | ४६ | ८१ | ४६ | ५० | ९६ |
| १. | १५ | १२ | २७ | १२ | ७ | १९ |
| २. | १३ | १० | २३ | १५ | ११ | २६ |
| ३. | ६ | १२ | १८ | ९ | ९ | १८ |
| ४. | ८ | २० | २८ | १२ | १९ | ३१ |
| ५. | १२ | ६ | १८ | १६ | १५ | ३१ |
| ६. | १३ | ९ | २२ | १३ | ९ | २२ |
| जम्मा | १०२ | ११५ | २१७ | १२३ | १२० | २४३ |

स्रोत : स्थलगत सर्वेक्षण २०७९

उपर्युक तथ्याङ्क श्री शम्भुनाथ मा.वि., इटहरी -१५, एकम्बा को विद्यार्थी भर्नाको बारेमा विश्लेषण गर्दा कार्यक्रम लागु भएको अगाडिको वर्ष २०७८ र २०७९ को तुलनात्मक अध्ययन गर्दा दिवाखाजा कार्यक्रमले यस समुदायका गरिव, दलित र सिमान्तकृत विद्यार्थीहरूलाई पठन पाठन तथा विद्यालय सम्म पुग्ने वतावरण खाजा कार्यक्रमले दिएको छ। साथै यस विद्यालयमा २०७९ सालको कक्षा ६ सम्मको विवरण अनुसार छात्र-छात्राको संख्यालाई हेर्दा छात्रको संख्या बढि भएको र खाजा कार्यक्रमले विद्यार्थी भर्ना दर टिकाइ राखेको देखिन्छ। साथै विद्यार्थी संख्या अगाडि वर्षको तुलनामा ६ प्रतिशतले वृद्धि भएको देखिन्छ।

तालिका -७

श्री सरस्वती सतन माध्यमिक विद्यालय इटहरी - ८, गैसार

विद्यार्थी भर्ना विवरण

| कक्षाहरू | कार्यक्रम लागु भएको अघिल्लो वर्ष २०७८ | | | कार्यक्रम लागु भएको यसवर्ष २०७९ | | |
|---|---|---|---|---|---|---|
| | छात्र | छात्रा | जम्मा | छात्रा | छात्रा | जम्मा |
| बा.वि. | १५ | १५ | ३० | १६ | २१ | ३७ |
| १. | १३ | २१ | ३४ | २० | १५ | ३५ |
| २. | २८ | २० | ४८ | २९ | २२ | ५१ |
| ३. | ३१ | २२ | ५३ | २९ | २५ | ५४ |
| ४. | २५ | २० | ४५ | २८ | २३ | ५१ |
| ५. | ३७ | २५ | ६२ | ३८ | ३० | ६८ |
| ६. | २६ | ३७ | ६३ | २६ | ३७ | ६३ |
| जम्मा | १७५ | १६० | ३३५ | १८६ | १७३ | ३५९ |

स्रोत : स्थलगत सर्वेक्षण २०७९

उपर्युक्त तथ्याङ्क श्री सरस्वती सतन मा.वि., इटहरी -८, गैसारको विद्यार्थी भर्नाको बारेमा विश्लेषण गर्दा यस विद्यालयका सेवाक्षेत्र भित्र प्राय : दलित, मुस्लिम, बाँतर आदि न्यून आर्थिक स्तिथि भएका विद्यार्थीहरू भएकाले दिवाखाजा कार्यक्रमले विद्यार्थी भर्नामा प्रत्यक्ष प्रभाव परेको देखिन्छ साथै यस विद्यालयको २०७९ सालको कक्षा ६ सम्मको विवरण अनुसार छात्रको संख्या छात्राको संख्या भन्दा बढि भएको देखिन्छ । विद्यार्थीहरू खाजा खानकै लागि भए पनि विद्यालय आउने गरेको श्रोतले जनाएको छ । साथै विद्यार्थी संख्याको अगाडि वर्षको तुलनामा यस वर्ष ६ प्रतिशतले वृद्धि भएको देखिन्छ ।

तालिका ८

श्री सरस्वती आधारभूत विद्यालय इटहरी - १५, पडरिया

विद्यार्थी भर्ना विवरण

| कक्षाहरू | कार्यक्रम लागु भएको अगाडिको वर्ष २०७८ | | | कार्यक्रम लागु भएको यस वर्ष २०७९ | | |
|---|---|---|---|---|---|---|
| | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा |
| बा.वि. | ९ | १२ | २१ | १० | १३ | २३ |
| १. | ७ | ६ | १३ | १८ | ८ | २६ |
| २. | ४ | ३ | ७ | ७ | १५ | २२ |
| ३. | ५ | ९ | १४ | ६ | ४ | १० |
| ४. | ४ | ३ | ७ | ५ | ७ | १२ |
| ५. | ४ | ८ | १२ | ७ | ७ | १४ |
| जम्मा | ३३ | ४१ | ७४ | ५३ | ५४ | १०७ |

स्रोत : स्थलगत सर्वेक्षण २०७९

उपर्युक्त तथ्याङ्क श्री सरस्वती आधारभूत विद्यालय, इटहरी -१५, पडरियाको हो । यस विद्यालयमा अध्ययनरत विद्यार्थीहरू प्राय दलित, गरिब र आदिवासी समुदायका रहेका छन् । विद्यालयमा दिवाखाजा लागु गरेदेखि विद्यार्थीहरू खाजा खानकै लागि भएपनि आउने गर्दछ । त्यसैले दिवाखाजा कार्यक्रमले विद्यार्थी भर्ना दरमा वृद्धि वा टिकाउने गरिएको छ साथै यस विद्यालयको २०७९ सालको विवरण अनुसार छात्रको संख्या छात्राको भन्दा केही बढि देखिन्छ । विद्यार्थीको संख्या अगाडि वर्षको तुलनामा यस वर्ष १८ प्रतिशतले वृद्धि भएको देखिन्छ ।

यसरी उपमहानगरपालिका भित्र पर्ने ६ वटा ग्रामिण भेगका सामुदायिक विद्यालयहरूमा स्थलगत सर्वेक्षण गर्दा विद्यालयमा अध्ययनरत प्राय : न्युन आय श्रोत भएको गरिब, दलित तथा सिमान्तकृत समुदायका वालवालिकाहरू देखिन्छ । जसले गर्दा विद्यार्थी भर्ना दरमा खाजा खानकै लागि भएपनि विद्यालय आउने गरेको र विद्यार्थी भर्ना दरमा कायम राखेको देखिन्छ ।

प्यावलब (१९०४) का अनुसार कुनै पनि सिकाइ उत्तेजना र प्रंतिक्रियामा आधारित हुन्छ । त्यसैगरि थर्नडाइक (१९१३) का अनुसार अभ्यासले मानिसलाई सिकाइ प्रति दत्तचित्त तथा उत्प्रेरित बनाउन मद्दत गर्ने हुँदा विद्यार्थी मुल्याङ्कनको क्रममा विद्यार्थीहरूलाई दैनिक रूपमा प्रत्यक्ष वा अप्रत्यक्ष सरिक गराउँदै खाजा कार्यक्रमको मूल्याङ्कन गर्न सकिन्छ । त्यसैगरि पोखरेल (२०७८) का अनुसार सामुदायिक विद्यालयमा दिवाखाजा कार्यक्रम प्रभावकारी रूपमा

कार्यान्वयन गर्ने गराउने दायित्व निर्वाह गर्ने प्रणालीको विकास गर्न आवश्यक देखिन्छ । त्यसै गरि शिक्षकबाट प्राप्त सूचना अनुसार विद्यालयमा दिवाखाजा कार्यक्रम सञ्चालन गरिए देखि विद्यार्थीहरूमा हौसला आएको देखिन्छ । विद्यालयमा नियमित आउने, ध्यानपूर्वक पढाएको सुन्ने, खाजा पछिको घण्टिमा पनि बस्ने, समयमा नै आउने जस्ता प्रतिक्रिया आएको देखियो । त्यसैगरि अभिभावकहरुको प्रतिक्रिया अनुसार हामी गरिब छौ घरमा खानको लागि केहि छैन दिनहुँ बनिबुतो गर्न अर्काकोमा जानु पर्दछ । तसर्थ अहिले सामुदायिक विद्यालयमा रु.१५ को खाजा दिन थालेपछि छोरा छोरी विद्यालय जानबाट हिचकिचाउँदैनन् । यसबाट के प्रष्ट हुन्छ भने वालवच्चाहरू खाना खानकै लागि विद्यालय आउने गरेको देखिन्छ र विद्यार्थी भर्नादरमा टिकाउ कायम गरेको देखिन्छ ।

**विद्यालय सर्वेक्षणबाट प्राप्त तथ्याङ्कको विश्लेषण**

विद्यालयमा प्रदान गरिएको दिवाखाजा कार्यक्रमले विद्यार्थी भर्नामा पारेको प्रभाव अध्ययनका लागि कार्यक्रम लागु हुनु भन्दा १ वर्ष अगाडिको शैक्षिक सत्र र कार्यक्रम लागु भैसकेपछि १ वर्ष पछिको शैक्षिक सत्रको आधारमा कक्षामा विद्यार्थीहरुको दैनिक उपस्थितिको आधारमा देखिएको शैक्षिक उपलब्धिको अन्तर सिकाइको प्रवाह हो । तसर्थ विद्यालयबाट प्राप्त तथ्याङ्का आधारमा दिवाखाजा कार्यक्रम लागु गर्दा र नगर्दा समयमा विद्यालय भर्ना भएको अवस्थाका आधारमा सिकाइमा परेको प्रभावको अध्यन गर्न सकिन्छ । यहाँ प्रस्तुत तथ्याङ्क विद्यालय सर्वेक्षणबाट प्राप्त भएकाले ति तथ्याङ्कहरूलाई प्रस्तुत गरि विश्लेषण गरिएको छ ।

**भर्ना सम्बन्धि विश्लेषण**

कार्यक्रम लागु हुनु भन्दा एक वर्ष आगाडिको शैक्षिक सत्र र कार्यक्रम लागु भैसकेको एक वर्ष पछिको शैक्षिक सत्रमा प्रत्येक कक्षामा भर्ना भएका विद्यार्थीको संख्या देखाएको छ । माथिको तालिकामा ६ वटा विद्यालयहरूमा दिवाखाजा कार्यक्रम लागु भैसकेपछिका वर्षहरूमा प्रत्येक विद्यालयहरूमा भर्ना हुने विद्यार्थी संख्या तुलनात्मक रूपमा वृद्धि भएको देखिन्छ ।

**प्र.अ., शिक्षक, अभिभावक, विद्यार्थीबाट कार्यक्रमप्रतिको धारणाको विश्ले**षण

यस अध्ययनले कार्यक्रममा प्राथमिक सूचना सङ्कलनका लागि नमूना छनोटमा परेका विद्यालयका प्रधानाध्यापक, शिक्षक, अभिभावक तथा विद्यार्थीहरूलाई वास्तविक सूचना सङ्कलनका लागि अन्तर्वार्ता र प्रश्नावलीमा भरिएको वा प्राप्त भएको उत्तरलाई क्रमशः तल विश्लेषण गरिएको छ ।

### प्रधानाध्यापकबाट प्राप्त सूचनाको विश्लेषण

छनोटमा परेका सबै विद्यालयका प्रधानाध्यापकहरु समक्ष शोधकर्ता आफैले दिवाखाजा कार्यक्रमको सम्बन्धमा सूचनाहरु सङ्कलन गरेको हो । जस अनुसार सबै विद्याालयका प्रधानाध्यापकहरूको समान धारणाहरू आएको थियो । वालवालिकाहरूलाई खानाको आभाव रहन्छ । खानकै जोह गर्न अभिभावकहरूले आफ्ना नानीहरूलाई काममा पठाउने गरेकाले विद्यालयमा बालबालिकाहरूका लागि दिवाखाजा कार्यक्रम सञ्चालन पश्चात् उनिहरूको उपस्थितिमा केहि वृद्धि भएको छ । कक्षा छाड्ने प्रवृत्तिमा पनि कमि आएको छ । विद्यार्थीहरूको वार्षिक परीक्षाको प्रप्ताङ्कमा समेत सुधार आएको छ । यो कार्यक्रमले बालबालिकाहरूमा केहि हौसला प्रदान गरेको छ भन्ने भनाइ प्रधानाध्यापकहरूको छ । यसबाट के पुष्टि हुन्छ भने दिवाखाजा कार्यक्रमले सिकाइमा सकारात्मक प्रभाव परेको छ । यद्यपी प्रधानाध्यापकहरूले यसमा सुधार गर्नुपर्ने सुझाव राखेका छन् । उहाँहरूको भनाई अनुसार अहिलेको समयमा रू.१५ मा बालबालिकाहरूलाई खाजा खुवाउन अत्यन्त मुश्किल रहेको छ ।

### शिक्षकबाट प्राप्त सूचनाको विश्लेषण

सूचना सङ्कलनका लागि छनोटमा परेका विद्यालयका कक्षामा पढाउने वर्ग शिक्षकलाई छनोट गरिएको थियो । उहाँहरूबाट पनि सूचना सङ्कलन गर्न अन्तर्वार्ता प्रश्नावली निर्माण गरिएको थियो । वर्ग शिक्षकहरुका अनुसार जब देखि यस विद्यालयमा दिवाखाजा कार्यक्रम सञ्चालन गरियो तब देखि विद्यार्थीहरूमा हौसला आएको देखिन्छ । विद्यालयमा नियमित आउने, ध्यानपूर्वक पढाएको सुन्ने, टिफिन पछाडिको घन्टीमा पनि बस्ने, समयमा नै विद्यालय आउने जस्ता गुणहरू विद्यार्थीमा देखिएको, परीक्षामा समेत अनुत्तीर्ण संख्या कम हुने गरेको कुरा शिक्षकहरू बताउनु हुन्छ । तर यसलाई सुधार गर्नुपर्ने कुराको सुझाव पनि शिक्षकले दिनुभएको छ । यसबाट पनि के प्रष्ट हुन्छ, विद्यालयमा विद्यार्थी नियमित आएर शिक्षा ग्रहण गर्छन् । यस कार्यक्रमले सिकाइमा सकारात्मक प्रभाव परेको देखिन्छ ।

### अभिभावाकबाट प्राप्त सुचनाको विश्लेषण

अध्ययन अनुसन्धानको क्रममा दिवाखाजा कार्यक्रमले विद्यार्थी भर्नामा परेको प्रभाववारे सहि तथ्याङ्क सङ्कलन गर्न छनोटमा परेका विद्यालयका कक्षा ५ मा अध्यनरत विद्यार्थीका अभिभावकहरू मध्ये संयोग नमुना छनोटका आधारमा प्रत्येक विद्यालयका २/२ जना अभिभावकहरुलाई अन्तरवार्ता प्रश्नावली भराएको थियो । जसबाट उनीहरूले हामी गरिब छौं,

घरमा खानाको लागि केहि छैन, दिनहु बनिबुतो गर्न अर्काकोमा जानुपर्छ र कहिलेकाँही नानीहरूले पनि सघाउने गर्थे तर विद्यालयमा खाजा कार्यक्रम लागु भएपछि छोराछोरीहरु विद्यालय जान छाडदैनन् । अहिले त नानीहरू विद्यालयबाट घर आउने बित्तिकै किताव कपि लिएर बस्छन् । काममा भन्दा उनीहरूको ध्यान पढाईमा छ । विहानमा उनीहरू किताब कपि आफै मिलाउँछन् भन्ने कुरा अभिभावकहरूको साझा विचार आयो । पहिले त विद्यालयमा नानीहरूलाई पढाउन पनि साह्रो हुन्थ्यो । एक त नानीहरू विद्यालय जान मान्दैन थियो तर विद्यालयले दिवाखाजा दिन थालेपछि नानीहरू टिफिनमा पनि भाग्दैनन् जसले गर्दा विद्यालयले लिएको परीक्षामा पनि उत्तीर्ण हुन थालेका छन् भन्ने कुरा समेत अभिभावकहरूबाट सूचना पाइयो । अहिलेको समयमा रू. १५ मा केहि पनि आउँदैन । तसर्थ खाजाको रकम बढाएर राम्रो पौष्टिक खाजा दिनु भनेर अभिभावकहरूले सुझाव दिएको थियो ।

### विद्यार्थी नमूना छनोटबाट प्राप्त सूचनाको विश्लेषण

दिवाखाजा कार्यक्रमले विद्यार्थीको भर्नामा पारेको प्रभावको अध्ययन गर्नको लागि सबै विद्यार्थीलाई छनोट गर्न सम्भव नभएकोले छनोटमा परेका प्रत्येक विद्यालयका कक्षा ५ मा अध्ययनरत विद्यार्थीहरूबाट ५/५ जना विद्यार्थीहरू संयोग नमूना छनोटका आधारमा छनोट गरिएको थियो । ति विद्यार्थीहरू मध्ये कसैले विद्यालयमा खाजा दिन थालेपछि विद्यालय आउन र खेल्न मन लागेको बताए । विद्यालयले खाजा खुवाउनु अगाडि विद्यालय आउनै मन नलाग्ने र आएपनि घरबाट पैसा लिएर आउने अनि आफुलाई मन लागेको खानेकुरा किनेर खाने जस्ता तथ्य उनीहरूको अन्तरवार्ताबाट प्रष्ट हुन्छ । अन्तरवार्ताकै क्रममा विद्यार्थीहरू भन्छन् खाजा खान पाएपछि पढ्न पनि मन लाग्छ, कक्षाकोठामा अल्छी लाग्दैन, गुरूहरूले पढाएका कुरा सुन्न मन लाग्छ र गृहकार्य गरेर ल्याउनु नत्र खाजा खाना पाइदैनन् भनेपछि गृहकार्य गरेर ल्याउँछ । हिजोआज त पढ्न पनि सजिलो हुन्छ । नजानेको कुरा गुरुहरूले सिकाइ दिनुहुन्छ र अहिल फेल नभएको विद्यार्थीहरुले बताउँछन् ।

### अवलोकन नमूना फारामबाट प्राप्त सूचनाको विश्लेषण

अवलोकन फाराम एक प्रकारको विद्यार्थीहरूको व्यवहार निर्देशित फाराम हो । यस अन्तर्गत दिवाखाजा कार्यक्रमले विद्यार्थीको भर्नामा कस्तो प्रभाव पार्न सक्यो भन्ने कुराको सहि सूचना सङ्कलनका लागि अनुसन्धानकर्ताले स्वयम् छनोटमा परेका विद्यालयका विद्यार्थीहरूको व्यवहार अवलोकन गरेको थियो । जसमा विद्यार्थीहरूको हाजिरी रेकर्डमा उपस्थिति हेर्दा ९५ प्रतिशत

विद्यार्थी उपस्थिति रहेको देखियो । विद्यार्थी सफा सुग्घर भएर विद्यालय आएका थिए । सबै विद्यार्थी आफ्नो गृहकार्य शिक्षकलाई देखाउन लामबद्ध भएर उभिएको पनि देखियो । शिक्षकले सोधेको प्रश्नको जवाफ पनि दिएका थिए । अनुशासित भएर कक्षा कोठामा बस्ने र शिक्षकसंग नडराईकन सवाल जवाफ गरेको पनि पाइयो । टिफिन पछाडिको समयमा पनि विद्यार्थीहरुको संख्यामा कुनै कमि देखिएनन् । तसर्थ यी सबै क्षेत्रमा देखिएका सुधारले के स्पष्ट पार्दछ भन्ने विद्यालयमा लागु गरिएको दिवाखाजा कार्यक्रमले विद्यार्थीहरूको भर्ना र सिकाइमा सकारात्मक प्रभाव पारेको देखिन्छ ।

## दिवाखाजा व्यवस्थापन सम्वन्धि समस्या र समाधानका उपायहरू

शिक्षक, अभिभावक, वुद्धिजीवी, समाजसेवी र विद्यार्थी सामु शिक्षा क्षेत्रमा भएका समस्याहरू आएका छन् । सामुदायिक विद्यालयमा प्रायः गरी आर्थिक अवस्था कमजोर भएका परिवारबाट पढ्न आउने गरेका छन् । अरुको घरमा काम गर्ने, इट्टा भट्टामा काम गर्ने बालबालिकाहरू आउदै गरेका छन् । यसरी सामुदायिक विद्यालयका बालबालिकाहरुमाथि कामको बोझ, आमा बाबुको शिक्षाको कमी, पौष्टिक आहारको कमि, आर्थिक दयनीयता जस्ता समस्याहरूले गर्दा बालबालिकाहरू शिक्षाको अवसरबाट बञ्चित भएका छन् । हाल नेपाल सरकारले सामुदायिक विद्यालयमा कक्षा बालविकास देखि कक्षा ६ सम्मका बालवालिकाहरूलाई दिवाखाजाको रूपमा रु.१५ रुपैया दिई राखेको छ । दिवाखाजा व्यवस्थापनको लागि विद्यालयका सरोकारवालाहरू विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरू, शिक्षकहरू तथा प्रधानाध्यापकलाई अनुसन्धानका क्रममा भौतिक सुविधाहरुको भावी योजना सम्वन्धमा प्रश्न गरिएको थियो । प्रस्तुत तथ्याङ्कको ब्याख्या र प्रतुतिकरणबाट अध्ययन गरिएका भौतिक श्रोत र व्यवस्थापन पक्ष कमजोर रहेको विश्लेषण गर्न सकिन्छ ।

### दिवाखाजा व्यवस्थापनका समस्याहरू

इटहरी उपमहानगरपालिका अर्न्तगत सामुदायिक विद्यालयहरू मध्ये ग्रामिण भेगका ६ वटा विद्यालयहरूमा दिवाखाजा व्यवस्थापन सम्वन्धि स्थलगत अध्ययनका क्रममा ६ वटै विद्यालयहरूमा दिवाखाजा व्यवस्थापन मापदण्ड अनुसार भान्साकोठाको व्यवस्थापन नभएको पाइयो । नेपाल सरकारले अहिलेको समय परिप्रेक्ष अनुसार खाजाको लागि छुट्टयाइएको रकम रु. १५ ज्यादै कम भएकोले खाजा व्यवस्थापन गर्न विद्यालयलाई कठिनाई भएको देखियो । स्थानिय निकायका सरोकारवाला पक्षहरुबाट विद्यालयमा लागु भएको दिवाखाजा कार्यक्रमको अनुगमनलाई चुस्त, दुरुस्त र नियमित नगरेको हुनाले विद्यालयले आफुखुसी कार्यक्रम

सञ्चालन गरेको पाइयो । नेपाल सरकारले दिवाखाजा कार्यक्रमको लागि छुट्टयाएको बजेट मासिकरूपमा उपलब्ध गराउन नसक्नु पनि विद्यालय प्रशासनलाई खाजाको प्रवन्ध गर्न समस्याको रूपमा रहेको देखियो । यो कार्यक्रम सञ्चालन र व्यवस्थापनमा स्थानिय तहमा अन्तरक्रिया समय समयमा नभएका कारले खाजा व्यवस्थापनमा समस्या देखियो । त्यसैगरि अध्ययन अनुसन्धान गरेको ६ वटै विद्यालयहरूमा चमेनागृह व्यवस्थापन नभएको र भान्सेको छुट्टै व्यवस्थापन गर्न नसकेको समस्या देखियो ।

**दिवाखाजा व्यवस्थापनका उपायहरू**

प्रस्तुत शोध अनुसन्धानका क्रममा इटहरी उपमहानगरपालिका अर्न्तगत ग्रामिण भेगका ६ वटा विद्यालयहरूमा स्थलगत अनुसन्धानको क्रममा देखिएका समस्याहरूलाई व्यवस्थापन गरि प्रभावकारी वनाउनका लागि प्र.अ., शिक्षक, अभिभावक, विद्यार्थीहरूबाट लिइएको धारणा, सल्लाह, सुझावहरू तथा कार्यक्रम प्रतिको विश्लेषणबाट निम्न अनुसारका व्यवस्थापनका उपायहरू गर्नुपर्ने देखिन्छ ।

क) अभिभावकको दायित्व मुख्य हुनु पर्दछ ।

ख) खाजा कार्यक्रमको लागि दिइने रकम वृद्धि गर्नु पर्दछ ।

ग) अनुगमन प्रणाली चुस्त र दुरूस्त हुनु पर्दछ ।

घ) मासिकरूपमा खाजा रकम दिनु पर्दछ ।

ङ) सञ्चालक समितिको बेलाबेलामा वैठक बसी छलफल गर्नु पर्दछ ।

च) शिक्षक शिक्षकका बिचको मेलमिलापको भावना जागृत हुनु पर्दछ ।

छ) खानेपानीको व्यवस्था राम्रो हुनु पर्दछ ।

ज) चमेना गृहको तथा मापदण्ड अनुसार भान्साकोठाका गर्नु पर्दछ

## परिच्छेद पांच

## प्राप्ति, निष्कर्ष र सुझावहरू

प्रस्तुत विद्यालयमा प्रदान गरिएको दिवाखाजा कार्यक्रमले विद्यार्थी भर्नामा पारेको प्रभावको अनुसन्धानबाट निम्न प्राप्ति, निश्कर्ष र सुझावहरू प्रस्तुत गरिएको छ ।

### प्राप्ति

इटहरी उपमहानगरपालिका भित्र ६ वटा ग्रामिण भेगका सामुदायिक विद्यालयहरूमा स्थलगत अध्ययनका क्रममा श्री पार्वती मा.वि., इटहरी -१४, नरभषामा दिवाखाजा श्रोत साधनको अवस्था हेर्दा भान्साकोठाको अवस्था हेर्दा समान्य रहेको, भाडावर्तन आवश्यकता अनुसार पुरा रहेको, खाजा पकाउन एल.पि. ग्याँस र चुलोको प्रयोग गरिएको पाइयो । त्यसैगरि दिवाखाजा कार्यक्रम लागु भएको अगाडिको वर्ष र यस वर्षको तुलनात्मक अध्ययन गर्दा विद्यार्थी संख्यामा अगाडिको वर्षको तुलनामा ७ प्रतिशतले वृद्धि भएको पाइयो । साथै छात्र भन्दा छात्राको उपस्थितिको संख्या वढि रहेको पाइयो ।

श्री शान्ति सृजना मा.वि., इटहरी - १४, गैसारको विद्यालयमा दिवाखाजा श्रोत साधनको अवस्था हेर्दा खाजा सम्वन्धि सम्पूर्ण व्यवस्था क्यानटिन मार्फत सञ्चालन गरेको पाइयो । त्यसैगरि दिवाखाजा कार्यक्रम सञ्चालन भएको अगाडिको वर्ष र यस वर्षको तुलना गर्दा १३ प्रतिशत वृद्धि भएको पाइयो । साथै छात्रको संख्या भन्दा छात्राको संख्या वढि रहेको पाइयो । श्री सार्वजनिक आधारभूत विद्यालय, इटहरी - १४, लोहनीको दिवाखाजा श्रोत र साधनको अवस्था हेर्दा भान्साकोठा समान्य रहेतापनि आवश्यकता अनुसार भाडावर्तन प्रयोग गरिएको पाइयो । साथै मापदण्ड अनुसार एल.पि. ग्याँसको प्रयोग गरी सप्ताहिक रूपमा चना चिउरा, हलुवा, खिर, चटपटि, फलफुल र विस्कुट खुवाउने गरेको पाइयो । जसको कारणले गर्दा विद्यार्थी भर्ना दरमा ८ प्रतिशतले वृद्धि भएको पाइयो । र छात्र छात्राको संख्या यस वर्ष बराबर रहेको देखियो ।

श्री शम्भुनाथ मा.वि., इटहरी-१५, एकम्वाको दिवाखाजा श्रोत र साधनको अवस्था हेर्दा समान्य रहेको भाडावर्तन र चुलोको अवस्था उच्च रहेको पाइयो । साथै खाजा खुवाउने साप्ताहिक विवरण अनुसार मापदण्ड अनुसार खुवाएको पाइयो । विद्यार्थी भर्ना दरमा पहिलेको वर्षको भन्दा यस वर्ष ६ प्रतिशतले वृद्धि भएको पाइयो ।

श्री सरस्वती सतन मा.वि., इटहरी -८, गैसारमा दिवाखाजा श्रोत र साधनको अवस्थालाई हेर्दा समान्य रहेको भाडावर्तन र चुलोको अवस्था उच्च रहेको पाइयो । साथै खाजा खुवाउने साप्ताहिक विवरण अनुसार मापदण्ड अनुसार खुवाएको पाइयो । विद्यार्थी भर्ना दरमा पहिलेको वर्षको भन्दा यस वर्ष ३ प्रतिशतले वृद्धि भएको पाइयो ।

श्री सरस्वती आधारभुत विद्यालय, इटहरी -१५ मा दिवाखाजा श्रोत र साधनको अवास्थालाई हेर्दा भान्सा कोठा ठिकै रहेको भाडावर्तन समान्य रहेको चुलो र खानेपानीको व्यवस्था राम्रो रहेको पाइयो । खाजा खुवाउने साप्ताहिक विवरण अनुसार चना चिउरा, हलुवा, जाउलो, खिर र फलफुल खुवाएको पाइयो । दिवाखजा कार्यक्रमले विद्यार्थी भर्ना दरमा पहिलेको वर्ष भन्दा यस वर्ष १८ प्रतिशतले वृद्धि भएको पाइयो । साथै छात्रको संख्या भन्दा छात्राको संख्या बढि भएको पाइयो ।

समग्रमा ६ वटै विद्यालयहरूमा प्रदान गरिएको दिवाखाजा कार्यक्रमले भर्नामा पारेको प्रभावहरू

- कार्यक्रम लागु भए पश्चात् विद्यार्थीहरूको भर्ना दरमा वृद्धि भएको छ ।
- कार्यक्रम लागु भए पश्चात् विद्यार्थीहरूको उपस्थिति संख्यमा वृद्धि भएको छ ।
- कार्यक्रम लागु  पश्चात् विद्यार्थीहरूको कक्षा छाड्ने दरमा कमि आएको छ ।
- कार्यक्रम लागु पश्चात् कक्षा दोहोऱ्याउने दरमा कमि आएको छ ।
- कार्यक्रमले विद्यार्थीहरूको शैक्षिक उपलब्धिमा वृद्धि भएको छ ।
- कार्यक्रम लागु पश्चात् विद्यार्थीहरूको औषत प्रप्ताङ्कमा वृद्धि भएको छ ।
- सामान्यतया दिवाखाजा कार्यक्रमले सिकाइमा सकारात्मक प्रभाव पारेको छ ।

## निष्कर्ष

आधारभूत तहका विद्यालयमा प्रदान गरिने दिवाखाजा कार्यक्रमको दीर्घकालिन उद्देश्य विद्यार्थीहरूको सिकाइको स्तरोन्नति गरि दक्ष, शिक्षित, अनुभवी मानवीय स्रोतको विकासमा सहयोज पुऱ्याउनु हो । यो उदेश्य पुरा गराउन आधारभूत तहका विद्यार्थीहरूको सिकाइमा प्रभावकारी भूमिका खेल्ने कुराहरू विद्यार्थी भर्ना वृद्धि गराउने, कक्षा छाड्ने प्रवृतिलाई घटाउने, विद्यार्थीहरूलाई अध्ययन क्षमतामा वृद्धि ल्याउन छोटो समयको निम्ति भोकबाट राहत दिने अल्पकालीन उद्देश्यहरू राखी यो कार्यक्रम खाद्यान्न न्यून तथा आदिवासी, जनजाति र दलित

जातजातिहरूको वाहुल्यता रहेको क्षेत्रमा यो कर्यक्रम लागु गरिएको छ । यस अन्तर्गत सुनसरी जिल्लाको इटहरी उप महानगरपालिका भित्र सञ्चालनमा रहेका ६ वटा सामुदायिक विद्यालयलाई अध्ययनको लागि छनोट गरिएको थियो । छनोट गरिएका विद्यालयहरू प्रायः दलित समुदाय, गरिब बस्ति, तथा न्यून आयस्रोत भएका विद्यालय छनोट गरिएकोले ति बालबालिकाहरू खाजाखान भएपनि विद्यालय आउने गरिएको अनुसन्धानले देखाउँछ । तसर्थ दिवाखाजाले विद्यार्थी भर्नामा वृद्धि भएको देखिन्छ । दिवाखाजा कार्यक्रम लागु हुनुभन्दा अगाडिको वर्ष दिवाखाजा कार्यक्रम लागु भै सकेपछिको वर्षमा विद्यार्थी भर्ना वृद्धि भएको छ । कार्यक्रम लागु हुनुभन्दा अगाडि विद्यार्थीको भर्ना वृद्धि हुनु भनेको सिकाइमा सकारात्मक प्रभाव पार्नु हो । यो कार्यक्रम लागु भएपछि विद्यार्थीहरूको औसत उपस्थितिमा पनि वृद्धि भएको छ । विद्यालयका प्र.अ., शिक्षक, अभिभावक तथा विद्यार्थीहरू समेतले विद्यालयमा प्रदान गरिएको खाजा कार्यक्रमले विद्यार्थीहरूको सिकाइमा सकारात्मक प्रभाव छाड्न सकेको कुरा अभिव्यक्त गर्दछन् । विद्यालयको अभिलेख अनुसार कार्यक्रम लागु पश्चात् विद्यार्थीहरूको भर्ना दरमा वृद्धि, कक्षा छाड्ने दरमा कमि, कक्षा दोहोर्‍याउने दरमा कमि, उपस्थितिमा वृद्धि, उत्तीर्ण प्रतिशतमा वृद्धि, प्राप्ताङ्कमा समेत वृद्धि भएको बताउँछन् । विद्यार्थी स्वयम् विद्यालय आएर पढ्न मन लाग्ने कुरा अभिव्यक्त गर्दछन् । यी कुराहरूबाट पनि के प्रस्ट हुन्छ भने यो कार्यक्रमले सिकाइमा सकारात्मक प्रभाव छाड्न सकेको छ ।

## सुझावहरू

प्रस्तुत अध्ययन इटहरी उपमहानगरपालिका अर्न्तगत नमूना छनोटमा परेका ग्रामिण भेगका ६ वटा सामुदायिक विद्यालयहरू श्री पार्वती मा.वि., इटहरी- १४, श्री शान्ति सृजना मा.वि., इटहरी - १४, श्री सार्वजनिक आधारभुत विद्यालय, इटहरी - १४, श्री सरस्वती सतन मा.वि., इटहरी - ८, श्री शम्भुनाथ मा.वि., इटहरी - १५, र श्री सरस्वती आधारभुत विद्यालय, इटरही -१५ का “विद्यालयमा दिवाखाजा कार्यक्रमको प्रभावकारीता” सम्वन्धि शीर्षकमा गरिएको अनुसन्धानको निष्कर्षका आधारमा निम्न अनुसार सुझावहरू प्रदान गर्न सकिन्छ ।

### नीतिगत तहका सुझाव

प्रस्तुत शोधपत्र अध्ययनका क्रममा सामुदायिक विद्यालयहरूमा दिवाखाजा कार्यक्रमले पारेको प्रभावलाई नीतिगत रुपमा यसरी लिन सकिन्छ ।

नेपाल सरकारले आ.व. २०७७/०७८ देखी देशभरका सबै सामुदायिक विद्यालयहरुमा अध्ययन गर्ने प्रारम्भिक वालविकास देखी कक्षा ६ सम्मका वालवालिकाहरुको लागि दिवाखाजा कार्यक्रम

मार्फत् सरकारले शिक्षा तथा पोषण क्षेत्रमा गरेको यो लगाानी गरीब तथा निमुखा परिवारका लागि विद्यालय संग जोड्ने र शिक्षाको पहुँच पाउने एउटा महत्वपूर्ण अवसर बनेको छ । आ.व.२०७९/०८० सम्म मुलुकभरका २८ लाख विद्यार्थीहरु लाभान्वित हुनेगरि सरकारले ७ अर्व ९२ करोड रुपैया वजेट विनियोजन गरेको छ । कुल वजेटको ११.५ प्रतिशत शिक्षा क्षेत्रले ओगटेको छ । यसरी राज्यले छुट्टयाएको वजेट मध्ये विद्यालयका वालवालिकाहरुलाई खाजा खुवाउनका लागी प्रति विद्यार्थी रु. १५ ज्यादै न्यून भएको कारणले विद्यालय प्रशासनलाई खाजा व्यवस्थापन गर्न कठिनाई भएको हुनाले सो रकम वृद्धि गर्ने नीति राज्यले लिनुपर्दछ । साथै वालवालिकाको वृद्धि, विकास र सिकाइका लागि पौष्टिक खाना तथा खाजा निर्णायक हुने कुरा विभिन्न अध्ययन अनुसन्धानले पुष्टि गरिसकेको हुनाले सो पौष्टिक आहारको लागि सरकारले चौमासिक रुपमा निकासा गर्ने गरेको रकमबाट खाजा व्यवस्थापन एवम् कार्यक्रमलाई प्रभावकारी बनाउन गाह्रो हुने हुनाले मासिक रुपमा निकासाका लागि सरकार सँग माग गर्ने तथा राज्यले कार्यान्वयन गर्ने नीति लिइनुपर्दछ ।

**अभ्यास तहका सुझाव**

दिवाखाजा कार्यक्रम लागु भएको विद्यालयहरुले कार्यक्रमलाई प्रभावकारी बनाउनका यस सम्बन्धमा कक्षागत रूपमा अभिभावकहरूको भेला गराउने, दिवाखाजा खुवाउने विधि, पद्धति र प्रक्रियाका विषयमा अभिभावकहरूलाई जानकारी गराउने, व्यवस्थित तथा पोषणयुक्त दिवाखाजा सञ्चालन गर्न न्युनतम पूर्वाधार जस्तै भान्सा कोठा, भाडावर्तन, चुलो, स्वस्थ खानेपानी जस्ता सामाग्रीहरू व्यवस्थापनका लागि विद्यालयले स्थानिय निकायसंग समन्वय गर्ने र श्रोतको खोजी एवम् अभिभावकहरूको सहयोग लिनु पर्दछ ।

स्थानिय निकाय शिक्षा, यूवा तथा खेलकूद महाशाखाको अगुवाईमा कार्यक्रम लागु भएको प्रत्येक विद्यालयका विद्यार्थीहरूको हाजिरी अभिलेख समय समयमा निरीक्षण गर्ने, स्थानिय निकाय, अभिभावक, वुद्धिजिवी लगायत टोली बनाई विद्यालयहरूले मापदण्ड अनुसारको पौष्टिक आहार खुवाएको वा नखुवाएको अनुगमन गर्ने, सल्लाह सुझाव दिने र विद्यालयमा दिवाखाजा श्रोत साधनको अवस्था तथा दिवाखाजा खुवाउने साप्ताहिक विवरण मापदण्ड अनुसार भए नभएको  अनुगनम गर्ने तथा खाजा कार्यक्रमलाई प्रभावकारी बनाई भर्ना दर वृद्धि गराउने, कक्षा छाड्ने दरलाई कटौती गराउने र उतीर्ण प्रतिशत वृद्धि गराउने विद्यालयलाई पुरस्कृत गर्ने नीतिको व्यवस्था गर्नु गराउनु पर्दछ ।

**अनुसन्धान तहका सुझाव**

(क) विद्यालय दिवाखाजामा भएको लगानीलाई मानव पुँजी विकासको दृष्टिकोणले महत्वपूर्ण मानिएको हुनाले नेपाल सरकार शिक्षा, यूवा तथा खेलकूद मन्त्रालय, शिक्षा तथा मानव श्रोत विकास केन्द्र लगायत संघिय एंवम् प्रदेश सरकार, स्थानिय तहले विद्यालय दिवाखाजा व्यवस्थापनका लागि थप अध्ययन अनुसन्धान गर्नुपर्ने देखिन्छ।

(ख) विद्यालय दिवाखाजा कार्यक्रमले विद्यार्थीहरूको पौष्टिक आहार संग संगै विद्यालय भर्ना दरमा वृद्धि भएको अनुसन्धानले देखाएको हुनाले अगामी दिनमा थप अनुसन्धान गर्न क्याम्पसहरूले शोधपत्रको रूपमा अनुसन्धान गर्नुपर्ने देखिन्छ।

## सन्दर्भ सूची


अधिकारी, नेत्र प्रसाद (२०७०), *विद्यालयमा प्रदान गरिएको दिवाखाजा कार्यक्रमले सिकाईमा पारेको प्रभाव,* शिक्षाशास्त्र संकाय पाठयक्रम मूल्यांकन विभाग स्नाकोत्तर तह अप्रकाशित शोधपत्र, जनता बहुमुखी क्याम्पस इटहरी सुनसरी ।

इडु पात्र (२०७७ फाल्गुन ९), शिक्षा तथा मानव विकास केन्द्र ।

कट्टेल, बालचन्द्र (२०६५) *पाठ्यक्रम अध्ययन काठमाण्डौ,* न्यु हिरा बुक्स इनटर प्राइजेज ।

कान्तिपुर दैनिक, (२०६८ पुष १२), नोपलमा छुवाछुतको अवस्था *कान्तिपुर दैनिक* काठमाण्डौ, कातिन्पुर प्रकाशन ।

काफ्ले, टोलनाथ, नेपाल, खगेन्द्र प्रसाद, चौधरी, नाथुराम र खड्का, प्रकाशकुमार (२०६५), *मनोबैज्ञानिक परीक्षण,* काठमाडौं, जपिटर प्रकाशक र बितरक ।

काफ्ले, बासुदेव, विष्ट, मिनबहादुर, सिन्हा, रामस्वरूप र श्रेष्ठ, चन्द्र बहादुर .२०६०), *शैक्षिक योजना,* काठमाण्डौ, सनलाइट पब्लिकेशन ।

खनाल, श्रीप्रसाद र तिम्सिना, बिनोद (२०६१), *गुणात्मक मूल्याङ्क अनुसन्धान* , काठमाण्डौ, क्षितिज प्रकाशन ।

खनाल, पेशल (२०६६), *शैक्षिक अनुसन्धान पद्धति,* कीर्तिपुर काठमाण्डौ, सनलाइट पब्लिकेशन ।

खनाल, पेशल (२०६५), *कार्यक्रम मूल्याङ्कन,* काठमाण्डौ जुपटिर प्रकाशक र वितरक ।

गोरखापत्र (२०७० पुष ३), *सबैका लागि शिक्षा,* काठमाण्डौ, गोरखापत्र संस्थान ।

पाठयक्रम विकास केन्द्र (२०६२), *निरन्तर विद्यार्थी मूल्याङ्कन,* परिचय पुस्तिका, भक्तपुर ।

पोखेल, इश्वरी प्रसाद (२०७८असोज १०), शिक्षा मन्त्रालय उप सचिव ।

बुढाथोकी, चित्रवहादुर र वाग्ले, विष्णु प्रसाद (२०६८), *विद्यालय स्वास्थ्य कार्यक्रमको व्यवस्थापन,* काठमाण्डौ पिनाकल प्रकाशन प्रा.लि. ।

भट्टराई, देवका (२०६९/०७०), *सोपान,* काठमाण्डौ, पाठ्यक्रम विकास केन्द्र ।

शर्मा, गोपीनाथ (२०५८), *शिक्षा आयोगका प्रतिबेदनहरू,* काठमाण्डौ, मकालु बुक्स एण्ड पब्लिकेश ।

## अनुसूची- १

नगर स्थित दिवाखाजा कार्यक्रम संयोजकलाई सोधिने नमुना प्रश्नावली

नगरपालिका : ..........................................................................

नाम : ......................................................................................

१. विद्यालयमा प्रदान गरिने दिवाखाजा कार्यक्रम भनेको के हो ?

२. यस कार्यक्रमको प्रमुख उद्देश्य के हो ?

३. नेपालमा यो कार्यक्रम कहिले देखि लागु भएको हो ?

४. नेपाल सरकारको आफ्नै स्रोतबाट लागु गराइएको हो की दातृ निकाय बाट ?

५. के यो कार्यक्रम सबव विद्यालयमा लागु गरिएको छ ?

६. यो कार्यक्रम लागु गर्ने आधारहरू के के हुन् ?

७. सुनसरी जिल्लामा यो कार्यक्रम कहिले देखि लागु भयो ?

८. सुनसरी जिल्लामा कार्यक्रम लागु पश्चात् के नतिजा देखिएको छ ?

९. यो कार्यक्रमको मध्यावधि मुल्यांकन पनि गरिएको छ ?

१०. उक्त मुल्यांकनले के नतिजा देखाएको छ ?

११. यो कार्यक्रमको सञ्चालन प्रक्रिया कस्तो छ ?

१२. प्रति विद्यार्थी खाजाको कति रकम दिइएको छ ?

१३. यस रकमले विद्यार्थीलाई खाजा खान पुग्छ ?

१४. यस कार्यक्रमले सिकाइमा कस्तो प्रभाव पारेको छ ?

१५. यो कार्यक्रम सञ्चालनका समस्याहरू पनि छन ?

१६. ति समस्या समाधान गर्न के के गर्नु पर्ला ?

## अनुसूची - २

विद्यालय प्रधानाध्यापकलाई सोधिने प्रश्नावलीको नमुना

नगरपालिकाको नाम :

विद्यालयको नाम :

१.तपाइको विद्यालयमा कहिले देखि दिवाखाजा कार्यक्रम लागु भएको हो ?

........................................................................................

२. विद्यार्थीहरूलाई खाजा विद्यालयमा बनाएर दिनु हुन्छ कि उनीहरूले घरबाट बनाए ल्याउँछ ?

........................................................................................

३.खाजा नै दिइन्छ कि नगद दिइन्छ ?

क ) खाजा ख ) नगद ग ) .................

४.खाजा कार्यक्रम लागु हुनुभन्दा अगाडि र लागु हुनु भन्दा पछाडि के फरक पाउनु भएको छ ?

........................................................................................

५.यस कार्यक्रमको सिकाइमा कस्तो प्रभाब परेको छ ?

क) राम्रो ख) ठिकठिकै ग) खासै फरक छैन्

६. कार्यक्रमबाट विद्यार्थीहरूको भर्नादरको स्थिति कसो देखिएको छ ?

क) वृद्धि भएको ख) घटेको ग) उस्तै रहेको घ )......

७.खाजा कार्यक्रम लागु भए पश्चात् विद्यार्थीको पढाई प्रति रूची कस्तो पाउनु भएको छ ?

क) राम्रो ख) नराम्रो ग) धेरै राम्रो घ) खासै फरक नभएको

८.खाजा कार्यक्रमका लागि नगद उपलब्ध गराईन्छ भने यो नगद रकम कहाँबाट उपलब्ध हुन्छ ?

........................................................................................

९.सरकारी स्तरबाट खाजा कार्यक्रम स्वरूप नगद दिने प्रावधान कस्तो छ ?

........................................................................................

# अनुसूची - ३

शिक्षकलाई अन्तर्वार्ताको क्रममा सोधिने प्रश्नावलीको नमुना

विद्यालयको नाम : .....................................................................

शिक्षकको नाम : ..........................................................................

१ .तपाईको विद्यालयमा लागु भएको खाजा कार्यक्रमको बारेमा थाहा छ ?

क) थाहा छ ख) थाहा छैन ग) त्यति वास्ता गरिदैन

२.थाहा छ भन्ने के दिइन्छ ?

क) नगद ख) हलुवा ग)..................

३.दिवाखाजाको सुविधा शिक्षकहरूले पाउने व्यवस्था छ ?

क) छ ख) छैन ग) ...................

४.तपाइको बिचारमा विद्यार्थीहरूलाई तयारी खाजादिनु किन राम्रो ?

क) तयारी खाजा ख) नगद ग) .....................

५.दिवाखाजा कार्यक्रमका कारणले विद्यार्थी भर्नामा वृद्धि भएको छ ?

क) भएकोछ ख) भएकोछैन ग) सामान्य वृद्धि भएकोछ ६ .खाजा कार्यक्रमका

६.कारणले विद्यार्थीहरूको नियमितता कस्तो प्रभाब परेको छ ?

क) ख) अनियमित ग) खासै सुधार नभएको

७) यो कार्यक्रमबाट सिकाइ प्रक्रियामा कस्तो प्रभाव पारेको छ ?

८ . यो कार्यक्रम लागु भए पश्चात विद्यार्थीहरूको उत्तीर्ण प्रतिशत कस्तो छ ?

क) वृद्धि भएको ख) वृद्धि नभएको ग) खासै फरक छैन

९ . यो कार्यक्रम लागु भए पश्चात विद्यार्थीहरूले आधा समयमा नै कक्षा छाड्ने गरेका छन् कि छैनन् ?

क) छन् ख) छैनन् ग) कहिले काही मात्र छाड्छ

१० .विद्यार्थीलाई खाजा अन्तर्गत नगद र तयारी खाजा मध्ये कुन दिंदा शैक्षिक उपलब्धिमा प्रभावकारीता आउँछ ?

क) नगद ख) तयारी खाजा ग) ...................

११. खाजा कार्यक्रमले सिकाइ उपलब्धिमा समस्या देखाएको छ ?

क) छ ख) सामान्य देखाएको छ ग) छैन

१२. समस्याहरू के के छन् र समाधान गर्ने उपायहरू के के होला ?

# अनुसूची - ४

अभिभावकलाई सोधिने प्रश्नावलीको नमुना

अभिभावकको नामः ..................................................................

१.तपाईको नानी कुन विद्यालयमा पढ्छ ?

..................................................................................................

२. कति कक्षामा पढ्छ ?

....................................................................................................

३. तपाईको नानि पढ्ने विद्यालयमा खाजा कार्यक्रम लागु भएको छ कि छैन ?

क) छ ख) छैनन् ग) थाहा छैन

४ .लागु भएको छ भने खाजा के दिइन्छ ?

क) नगद ख) हलुवा ग)...................

५ .नगद दिइन्छ भन्ने कति दिइन्छ ?

...........................................................................................

६. पैसा (नगद) लिन तपाई जानु हुन्छ कि नानीले आफै ल्याउछ ?

क) म जान्छु ख) नानीले आफै ल्याछ ग) .............

७) खाजाखाने पैसा विद्यालयले दिन्छ भन्ने कुरा तपाइको नानीलाई थाहा छ ?

क) थाहा छ ख) थाहा छैन ग) खै को नि

## अनुसूची - ५

विद्यार्थीलाई सोधिने प्रश्नावलीको नमुना

विद्यालयको नाम : ..........................................................

विद्यार्थीको नाम : ..........................................   कक्षाः .........

१. तिमीलाई विद्यालयबाट खाजा खान पैसा दिन्छ ?

क) दिन्छ      ख) दिदैंन

२. त्यो पैसा के गर्छौ ?

३. विद्यालय नजाँदा पनि पैसा दिन्छन ?

क) दिन्छन      ख) दिदैनन्

४. तिमि विद्यालय किन जान्छौ ?

क)    पैसा पाउन    ख) पढ्न

५. तिमीलाई विद्यालय जान बुबा आमाले कर गर्नु हुन्छ ?

क) गर्नु हुन्छ      ख) म आफै जान्छु

६. दिउसो खाजा खान घर जान्छौ कि विद्यालयमा नै खान्छौ ?

क) विद्यालयमा नै खान्छु      ख) घर जान्छु

७ .दिउँसो खाजा खाए पछि पढ्न मन लाग्छ ?

क)    लाग्छ      ख लाग्दैन

८ .विद्यालयले खाजाका लागि पैसा दिन थाले पछि तिमीलाई विद्यालय छोड्न मन लाग्छ ?

क)लाग्छ      ख लाग्दैन

९ .सधै विद्यालय आउँदा र नआउँदामा के फरक पाउछौ ?

१०.विद्यालयले खाजा खान पैसा दिन थालेपछि तिमि फेल भएका छौ?

क)छु      ख .छैन

११ .खाजाको लागि पैसा दिनु राम्रो कि विद्यालयमा खाजा खान पाउन राम्रो ?

क)पैसा      ख) खाजा खान पाउनु

# अनुसूची - ६

## लक्षित समुहलाई सोधिने प्रश्नावलीको नमुना

विद्यालयको नाम : ....................................................................

१.खाजा कार्यक्रम समबन्धि

२.खाजा कार्यक्रमले सिकाइमा परेको प्रभाब सम्बन्धि

३.खाजा कार्यक्रमले अभिभावकलाई गरेको सहयोग सम्बन्धि

४.खाजा कार्यक्रम सञ्चालन सम्बन्धि

५. खाजा कार्यक्रमका समस्या सम्बन्धि

६.यस समस्याका समाधान सम्बन्धि

# अनुसूची - ७

अवलोकन फारामको नमुना

विद्यालयको नामः ........................................................

१ विद्यार्थीको विद्यालयमा उपस्थिति क्र.स. ५, ४, ३, २ र १

सधै धेरैजसो सामान्य कहिले काही कहिल्यै गर्दैन ।

२. विद्यार्थीले गृहकार्य कति गर्छ ?

३. विद्यार्थी सिकाइ क्रियाकलापमा कति सहभागि हुन्छ ?

४. विद्यार्थी विद्यालयमा कति हसिलो देखिन्छ ?

६. विद्यार्थी अतिरिक्त क्रियाकलापमा कति सहभागिता देखाउँछ ?

७. विद्यार्थी कति सफा सुग्घर हुन्छ ?

८. शिक्षकले सोधेका प्रश्नको उतार कति दिन्छ ?

९. विद्यार्थी शिक्षा आर्जन गर्नमा कति रूची राख्दछ ?

१०.विद्यार्थी विद्यायलयमा कति अनुशासित रहन्छ ?

## अनुसूची -८

अध्ययनका लागि नमुना छनौटमा परेका विद्यालय र प्र.अ.को नामावली

| क्र.सं. | विद्यालयको नाम | ठेगाना | प्र.अ.का. नाम | कैफियत |
|---|---|---|---|---|
| १. | श्री पार्वती मा.वि. | इटहरी-१४, नरभाषा | श्री मुकेश कुमार चौधरी | |
| २. | श्री शान्ति सृजना मा.वि. | इटहरी-१४, खनार | श्री कमल तिम्सिना | |
| ३. | श्री सार्वजनिक आ.वि. | इटहरी-१४, लोहनी | श्री गिरिराज निरौला | |
| ४. | श्री शम्भुनाथ मा.वि. | इटहरी-१५, एकम्वा | श्री भिम भट्टराई | |
| ५. | श्री सरस्वती आ.वि. | इटहरी-१५, एकम्वा | श्री परशुराम चौधरी | |
| ६. | श्री सरस्वती सतन मा.वि. | इटहरी-७, गैसार | श्री बासुदेव कर्ण | |

स्रोत : स्थलगत सर्वेक्षण २०७९